जेठ - १

# सर्वोच्च अदालत बुलेटिन

**पाक्षिक प्रकाशन**

| वर्ष २४, अङ्क ३ | २०७२, जेठ १–१५ | पूर्णाङ्क ५४९ |
|---|---|---|



**प्रकाशक**

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

**फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८**

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण बि.क.
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**सुपरभाइजर :** श्री कान्छा श्रेष्ठ
**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**विक्री शाखामा कार्यरत कर्मचारी**

डि.श्री नरबहादुर खत्री


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| विशेष इजलास | १ |
| संयुक्त इजलास | ६ |
| इजलास नं. १ | २१ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | ३ |
| एकल इजलास | २ |
| रीत/बेरीत आदेश | ६ |
| अन्तरिम आदेश | १ |
| जम्मा | ७० |

नेपाल कानून पत्रिकामा
२०१५ सालदेखि २०६९ साल असोजसम्म
प्रकाशित
निर्णयहरूको सारसङ्ग्रह
विषयगत आधारमा
वर्गीकृत
एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, जेठ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सनसाईन प्रिन्टिङ्ग प्रेस, बागबजार, काठमाडौं ।

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-२** |
| १. | रोक्का राखिएको जग्गा बदर गरिपाऊँ | राजेन्द्र चौडरिया वि. राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगर, सप्तरीसमेत | |
| **विशेष इजलास** | | | **३** |
| २. | उत्प्रेषण/ परमादेश | शरदराज विष्टसमेत वि. सचिव, सामान्य प्रशासन मन्त्रालयसमेत | |
| **संयुक्त इजलास** | | | **३-६** |
| ३. | बन्दी प्रत्यक्षीकरण | कुइसा गुरूङसमेत वि. महानगरीय प्रहरी वृत्त स्वयम्भू, काठमाडौंसमेत | |
| ४. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता रामकृष्ण भण्डारी वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | |
| ५. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता अन्जनीकुमार पोखरेल वि. गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | |
| ६. | अंश नामसारी | जोगेन्द्र अहिरसमेत वि. रवडी अहिरनीसमेत | |
| ७. | बन्डा मुचुल्का बदर | सुरसतिया धनुकाईन वि. रामलखन महतो धानुकसमेत | |
| **इजलास नं. १** | | | **६-१८** |
| ८. | बन्दी प्रत्यक्षीकरण | बृजमोहन सोनी वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौंसमेत | |
| ९. | बन्दी प्रत्यक्षीकरण | मुहम्मद सिराजुदिन लेन काजी रजाक वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौंसमेत | |
| १०. | निषेधाज्ञा | कृष्णहरि भट्टराई वि. रामेश्वर पुरी | |
| ११. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. डेभिटराज गुरूङ | |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लक्ष्मण भट्टसमेत | |
| १३. | अबन्डा जग्गा बन्डा गरिपाऊँ | ललितकुमार थापा वि. दिलबहादुर थापा | |
| १४. | निर्णय दर्ता बदर हक कायम | भच्छन थारू वि. भिउप्रसाद थारू | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मुकदर काँदु भन्ने सुरेश काँदुसमेत | |
| १६. | डाँका | नेपाल सरकार वि. नवराज रायमाझीसमेत | |
| १७. | डाँका | नेपाल सरकार वि. मदन भन्ने मेघनाथ सापकोटासमेत | |
| १८. | लागुऔषध सेतो हेरोइन | OBUNNEL MICHAEL OZOR नेपाल सरकार वि. ओवुनमी माइकल ओजर वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| १९. | बैङ्किङ कसुर | नेपाल सरकार वि. रामेश्वर चौलागाईं |
| २०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. शोभितबहादुर बस्नेतसमेत |
| २१. | उत्प्रेषण | निजामुद्दिन वली खाँ वि. श्री सहकारी वित्तीय विकास संस्था लि. प्रधान कार्यालय, नेपालगन्जसमेत |
| २२. | उत्प्रेषण/ परमादेश | जाकरा सरूर वि. चक्रबहादुर रोका क्षेत्रीसमेत |
| २३. | उत्प्रेषण/ परमादेश | सरिता खड्कासमेत वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत |
| २४. | उत्प्रेषण | केशव दुवाडी वि. श्रम कार्यालय, बागमती अञ्चल, टेकु काठमाडौंसमेत |
| २५. | बेलगती मोही कट्टा गरी लगती मोही जग्गाधनी स्रेस्ता पुर्जा कायम गरिपाऊँ | बृक्षदास तत्मा वि. हिरा ठाकुर हजामको मु.स. गर्ने नगेसर ठाकुर |
| **इजलास नं. २** | | **१८-२०** |
| २६. | उत्प्रेषण/ परमादेश | बालकृष्ण पौडेल वि. सुर्खेत जिल्ला अदालत, सुर्खेतसमेत |

| | | |
|---|---|---|
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रकाश चन्दसमेत |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. घनश्याम घर्तीमगर |
| २९. | अंश दर्ता | रामानन्द गुप्ता वि. रामबाबुप्रसाद साह कानू |
| **इजलास नं. ३** | | **२०-२३** |
| ३०. | अंश | मोहम्मदउमर जोलाहसमेत वि. झिंगुर जोलाहसमेत |
| ३१. | अंश दपोट | धनकला थापा वि. नरीभान थापा |
| ३२. | अंश चलन | गीता तुम्बापो वि. शर्मीला राई तुम्बापो |
| ३३. | परमादेश | धोजे भन्ने ध्वज धामी वि. जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरसमेत |
| ३४. | उत्प्रेषण/ परमादेश | देवेन्द्र महतो वि. जिल्ला प्रशासन कार्यालय, सर्लाही मलङ्गवासमेत |
| **इजलास नं. ४** | | **२३-२६** |
| ३५. | अंश दपोट | सुदीराम थारू वि. बेझुराम थारूसमेत |
| ३६. | बन्दी प्रत्यक्षीकरण | मो. अजिज खाँ वि. जिल्ला प्रहरी कार्यालय, सर्लाहीसमेत |
| ३७. | बन्दी प्रत्यक्षीकरण | प्रमीला काफ्ले बास्कोटा वि. जिल्ला सरकारी वकिल कार्यालय, मकवानपुर, हेटौंडासमेत |

| | | |
|---|---|---|
| ३८. | नामसारी निर्णय दर्ता बदर दर्ता | कारीदेवी यादवसमेत वि. पाण्डवप्रसाद यादवसमेत |
| ३९. | कर्तव्य ज्यान | सीताराम यादव वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२६-३०** |
| ४०. | लागुऔषध | नेपाल सरकार वि. ओड्गेन लामासमेत |
| ४१. | उत्प्रेषण/ परमादेश | नाथुप्रसाद चौधरी वि. राष्ट्रिय सूचना आयोग, काठमाडौं महानगरपालिका ३२ अनामनगर, काठमाडौंसमेत |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दलपते कोलीसमेत |
| ४३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. गुर्दाबहादुर राईसमेत |
| ४४. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. टीकादेवी गुरूङ |
| ४५. | निषेधाज्ञा | लक्ष्मी ढकाल वि. राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) निर्माण कार्यदल सम्पादन कार्य समिति, गोकर्णेश्वर, काठमाडौंसमेत |

| | | |
|---|---|---|
| **इजलास नं. ६** | | **३०-३१** |
| ४६. | छुट जग्गा दर्ता | सीताराम बर्मा वि. मीनादेवी सिंह |
| ४७. | लागुऔषध (ब्राउन सुगर) | नेपाल सरकार वि. सुस्मा गुरूङ |
| ४८. | निषेधाज्ञा | पिताम्बर पडित कुम्हारसमेत वि. शिवनाथ पडित कुम्हारसमेत |
| ४९. | सार्वजनिक बाटो खुलाई चलन | रामआशिष पडित कुम्हार वि. अमिचन साह तेली |
| **इजलास नं. ७** | | **३१-३२** |
| ५०. | मोही प्रमाणपत्रको नक्कल पाउँ | सन्तराम अहिर वि. गङ्गाराम अहिर |
| **इजलास नं. ८** | | **३२-३३** |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेखरकुमार थापामगर |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डबलबहादुर सिंहसमेत |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमसिंह बुढाथोकीसमेत |
| **एकल इजलास** | | **३३-३४** |
| ५४. | प्रतिषेध/ परमादेश | अधिवक्ता कृष्णप्रसाद डोटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत |
| ५५. | उत्प्रेषण/ परमादेश | लक्ष्मीराज श्रेष्ठ वि. मीरा श्रेष्ठसमेत |

| रीत/बेरीत आदेश | | ३४-३६ |
|---|---|---|
| ५६. | ज्यान मार्ने उद्योग | छिरिङ लामा वि. नेपाल सरकार |
| ५७. | डाँका | हरिबहादुर लामा वि. नेपाल सरकार |
| ५८. | उत्प्रेषण | रामशङ्कर खड्का वि. शालीग्राम पराजुली |
| ५९. | मानव अपहरण तथा शरीर बन्धक | सञ्जयकुमार साह वि. नेपाल सरकार |
| ६०. | जबर्जस्ती करणी | रोशन भन्ने राजिन श्रेष्ठ वि. नेपाल सरकार |
| ६१. | परमादेश | अधिवक्ता तुलसी सिंखडा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **अन्तरिम आदेश** | | **३६** |
| ६२. | उत्प्रेषण | अधिवक्ता मातृकाप्रसाद निरौला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |

## पूर्ण इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-DF-००१७, रोक्का राखिएको जग्गा बदर गरिपाऊँ, *राजेन्द्र चौडरिया वि. राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगर, सप्तरीसमेत*

कुनै विषयमा विवाद उत्पन्न भई पक्ष विपक्ष कायम भई सम्बन्धित निकायमा दायर भएको मुद्दा मामिला वा विवादमा त्यस्तो मुद्दा मामिला वा विवादको निरूपण गर्ने अधिकारीले आफ्नो रायसहितको न्यायिक निष्कर्ष दिएको छ भने त्यस्तो अवस्थामा उक्त न्यायिक निष्कर्षले निर्णय, फैसला वा अन्तिम आदेशको रूप ग्रहण गर्ने र त्यस्तो निर्णय, फैसला वा अन्तिम आदेशमा मात्र पुनरावेदन लाग्ने र सो बाहेक कुनै अधिकारीले आफ्नो रायसहितको न्यायिक निष्कर्ष दिएको अवस्था छैन भने त्यस्तो अवस्थामा पुनरावेदन अदालतको पुनरावेदकीय अधिकारक्षेत्रभित्र पर्ने विषय नहुने।

निर्णय, फैसला वा अन्तिम आदेश गर्न अधिकार पाएको कुनै निकाय वा अधिकारीले आफूमा निहित अधिकारलाई तथ्यको विश्लेषण र प्रमाणको मूल्याङ्कनद्वारा कानून र न्यायको कसीमा राखी गरिएको एउटा न्यायिक निष्कर्ष नै फैसला वा अन्तिम आदेश मानिने हुन्छ र सोमा चित्त नबुझ्ने पक्षले ऐनले गरेको व्यवस्था र न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) मा भएको कानूनी व्यवस्थाको अधीनमा रही पुनरावेदन गर्न सक्ने हो। तर मुद्दा मामिला वा कुनै विवादमा निर्णय गर्ने अधिकार पाएको अधिकारीले त्यसरी निर्णय, फैसला वा अन्तिम आदेश गरेको छैन भने त्यस्तो अवस्थामा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) को पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गरी पुनरावेदन दिन, लिन र सोउपर निर्णय गर्न मिल्ने देखिन नआउने।

साधारण ऐन वा विशेषीकृत ऐनमा विवाद सुन्ने र निर्णय गर्ने भनी न्यायिक वा अर्धन्यायिक निकायलाई प्रत्यायोजन गरिएको अधिकारको सीमाभित्र रही त्यस्ता निकायले दुई पक्ष भएको कुनै विवाद वा मुद्दाको कुनै विषयको तथ्यभित्र प्रवेश गरी त्यस विवादमा देखिएका तथ्यगत र कानूनी प्रश्नमा विवेक प्रयोग गरी प्रमाणको मूल्याङ्कन र कानूनको सही प्रयोग र व्याख्याको माध्यमबाट निष्कर्षमा पुगी एउटा मान्य निकासा दिएको कुनै निर्णय, फैसला र अन्तिम आदेश भएमा त्यस्तो अवस्थामा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) को पुनरावेदकीय अधिकारक्षेत्र आकर्षित भई त्यस्तो निर्णय, फैसला वा अन्तिम आदेशउपर पुनरावेदन अदालतले पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गरी पुनरावेदन सुन्न र सोउपर निर्णय गर्न सक्तछ । तर उल्लिखित निर्णायक तत्त्वको अभाव छ भने त्यस्तो अवस्थामा पुनरावेदन अदालतको पुनरावेदकीय अधिकारक्षेत्र आकर्षित हुनसक्ने नदेखिने।

मालपोत ऐन, २०३४ को दफा ८ख बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर सोही ऐनको दफा ३१ बमोजिम प्रादेशिक अधिकारक्षेत्रभित्रको सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ। तर उक्त ऐनको दफा ८ख र ३१ मा भएको कानूनको मूल उद्देश्य भनेको मालपोत कार्यालयले आफूमा निहित अधिकारलाई दुई पक्षबीचको विवादको विषयमा कानून र न्यायको कसीमा राखी कानूनसम्मत र विवेकपरक ढङ्गले निर्णय गरेको हुनुपर्ने र यस्तो निर्णयले मर्का परेका विवादका सम्बन्धित पक्षले मर्का परेको विषयमा पुनरावेदन गर्न सकून् भन्ने नै हो । उक्त ऐनको दफा ३१ मा मालपोत कार्यालयले गरेको निर्णय भन्ने उल्लेख भएबाट मालपोत कार्यालयले आफूमा निहित अधिकार प्रयोग गरी निर्णय नगरेका विषयमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) को पुनरावेदकीय अधिकारक्षेत्र आकर्षित हुन सक्ने अवस्था नहुने।

मालपोत ऐन, २०३४ को दफा ८ख को उपदफा (१) का विषयमा कुनै घर जग्गामा विवाद परी वा अन्य कुनै कारणले रोक्का राख्न आवश्यक देखिएमा मालपोत कार्यालयले आफैँले निर्णय गरी त्यस्तो घर जग्गा रोक्का राख्नसक्ने र त्यसरी घर जग्गा रोक्का

राख्दा मालपोत कार्यालयले आफूले रोक्का राखिएको विषयमा कारण र आधारसहितको निर्णय दिने हुँदा उक्त उपदफा (१) मा व्यवस्थित कानूनी प्रावधानका विषयमा पुनरावेदन लाग्नसक्ने हुँदा थप व्याख्या गरिरहन नपर्ने।

कुनै अड्डा, अदालत वा सरकारी कार्यालयबाट कुनै घर जग्गा रोक्का राख्न, रोक्का रहेको घर जग्गा फुकुवा गर्न वा बैङ्क, वित्तीय संस्था वा स्थानीय निकायले आफ्नो आर्थिक कारोबारको सिलसिलामा कुनै घर जग्गा रोक्का राख्न वा फुकुवा गर्न लेखी पठाउन सक्ने र सोही आधारमा मालपोत कार्यालयले रोक्का वा फुकुवा गर्नुपर्ने कानूनी व्यवस्था रहेकाले अड्डा, अदालत, सरकारी कार्यालय, स्थानीय निकाय, बैङ्क वा वित्तीय संस्थाबाट लेखी आएकै आधारमा मालपोत कार्यालयले रोक्का गर्नुपर्ने हुँदा त्यस सम्बन्धमा कार्यालयले छुट्टै निर्णय गरिरहनुपर्ने अवस्था नरहने।

सम्बन्धित संस्थाबाट घर जग्गा रोक्का राख्नको लागि लेखी आएपछि के कुन आधारमा रोक्का राखिएको हो वा रोक्का फुकुवा गरिएको हो भन्ने आधार र कारणको खोजी मालपोत कार्यालयले गरिरहनु पनि कानूनतः आवश्यक हुँदैन। यसको जिम्मेवारी रोक्का राख्न वा फुकुवा गर्न पठाउने सम्बन्धित निकायमा नै रहन्छ। सम्बन्धित संस्थाको अनुरोध वा आदेशको आधारमा उक्त अनुरोध वा आदेश कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित लगतमा रोक्का जनाउने वा रोक्का भएकोलाई फुकुवा जनाउनेसम्मको कार्य सम्पन्न गरिने हुँदा यस्तो अवस्थामा मालपोत कार्यालयले आफ्नो विवेक वा अधिकार प्रयोग गरी निर्णय गर्नुपर्ने अवस्था रहँदैन। अन्य निकाय वा संस्थाले गरेको आदेश वा अनुरोध गरिएबमोजिम छुट्टै निर्णय नगरी सोही आदेश र अनुरोधलाई कार्यान्वयनमा ल्याएको त्यस्तो कार्यलाई मालपोत कार्यालयको आफ्नो निर्णयको संज्ञा दिन मिल्ने देखिन नआउने।

प्रस्तुत विवादमा राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगर सप्तरीको च.नं.९१८ मिति २०४४।६।२८ को रोक्कापत्रकै आधारमा मालपोत कार्यालय, सप्तरीले रोक्कासम्म जनाएको अवस्था छ। उक्त रोक्का ठीक छ वा छैन सोको जिम्मेवारी रोक्का राख्न पठाउने निकायको हुने हुनाले प्रस्तुत विवादित रोक्काको जिम्मेवारी राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगरको हो। तर राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगरले आफूले लगानी गरेको ऋण असुल गर्ने प्रयोजनार्थ घर जग्गा रोक्का राख्ने निर्णय गरेउपर यी निवेदकले कुनै चुनौती नदिई उक्त बैङ्कले गरेको निर्णयबमोजिम घर जग्गा रोक्काको लागि मालपोत कार्यालयलाई लेखी आएबमोजिम लगतमा रोक्कासम्म जनाएको मालपोत कार्यालयको कार्यलाई निर्णय भनी उक्त कार्यउपर पुनरावेदन गरेको देखिन्छ। तर मालपोत कार्यालयले कुनै निर्णय गरेको अवस्था नरहेको हुँदा पुनरावेदन अदालतले त्यसउपर पुनरावेदन सुनी न्याय निरूपण गर्न मिल्ने देखिएन। मालपोत ऐन, २०३४ को दफा ३१ ले दफा ८ख बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको भए पनि प्रस्तुत मुद्दामा उठाइएको समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गर्दा राष्ट्रिय वाणिज्य बैङ्क, हनुमाननगर, सप्तरीको च.नं.९१८ मिति २०४४।६।२८ को रोक्कापत्रको कार्यान्वयनबाहेक मालपोत कार्यालय, सप्तरीबाट कुनै निर्णय नै नभएको अवस्थामा मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गरी रोक्का गरिएको औचित्य र कारणलगायत मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय गर्न मिल्ने नदेखिने हुँदा पुनरावेदन अदालत, राजविराजबाट अ.बं.१८० नं. बमोजिम पुनरावेदन खारेज हुने ठहरी भएको मिति २०६५।३।२ को फैसला सदर गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६८।१०।८ को फैसला सदर हुने।

इजलास अधिकृत: दीपक ढकाल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल असोज २३ गते रोज ५ शुभम्।

## विशेष इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WS-०००५, उत्प्रेषण/परमादेश, *शरदराज विष्टसमेत वि. सचिव, सामान्य प्रशासन मन्त्रालयसमेत*

प्रतिनिधिसभाको घोषणा, २०६३ ले गरेको मार्गदर्शन, नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्याभूत गरेको समानताको हक र नेपालको निजामती सेवाले अङ्गीकार गरेको आधारभूत मूल्य मान्यताहरूको आलोकमा निवेदन दावीका सम्बन्धमा विचार गर्दा प्रभावित जनशक्तिको सङ्ख्या, निजहरूको योग्यता, क्षमता, निजहरूमाथिको राज्यको लगानी, निजहरूले पुर्‍याउन सक्ने योगदान, निजहरूबाट हासिल गर्न सकिने उत्पादकत्व र निजहरूका लागि हाल दिइएको पदनामसमेतलाई आधार बनाउँदा तत्कालीन राजप्रासाद सेवामा आबद्ध रिट निवेदकलगायतका जनशक्तिलाई निजामती सेवाअन्तर्गत नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूहमा समूहीकृत गरिएमा सहज, स्वाभाविक र न्यायोचित समेत हुने देखिएकाले सो प्रयोजनका लागि यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र अनिवार्यरूपमा कानूनी सुधार र तदनुरूपको आवश्यक संरचनागत प्रबन्ध मिलाउनु, विशेष समूहका कर्मचारीहरूको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ यथावत अवस्थामा निरन्तर लागू नगर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामान्य प्रशासन मन्त्रालयसमेतका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत २०७१ साल माघ २२ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. ०७०-WH-००५५, बन्दीप्रत्यक्षीकरण, *कुइसा गुरूङसमेत वि. महानगरीय प्रहरी वृत्त स्वयम्भू, काठमाडौंसमेत*

निवेदकहरूलाई चिठ्ठा ऐनतर्फ कारवाही गरिपाउँ भनी परेको जाहेरीको आधारमा महानगरीय प्रहरी वृत्त स्वयम्भूले पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट हिरासतमा राखी अनुसन्धान गर्न म्याद थपसमेत भई हाल उक्त मुद्दा अनुसन्धानको क्रममा रहेको देखिएकाले निवेदकहरूलाई गैरकानूनीरूपमा थुनामा राखेको भन्न मिल्ने अवस्था देखिन नआउने।

निवेदकउपर गैरकानूनी तवरले चिठ्ठा काटी सर्वसाधारणलाई ठगी गरेको भन्ने जाहेरीका आधारमा निजहरूलाई पक्राउ गरी अनुसन्धान गरिएको र निवेदकहरूले जिकिर लिएको विषयका सम्बन्धमा सोही मुद्दाबाट सबुद् प्रमाणको मूल्याङ्कन भई न्यायिक निरूपण हुने हुँदा प्रस्तुत निवेदनको रोहबाट सो विषयमा विचार गर्न मिल्ने भएन। अत: एव प्रस्तुत मुद्दामा निवेदकहरूलाई कानूनविपरीत थुनामा राखिएको भन्ने नदेखिएकाले निवेदन दावी मनासिब देखिन नआउने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल वैशाख २३ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. ०७०-WH-००५६, बन्दीप्रत्यक्षीकरण, *सुदर्शन बस्नेतको हकमा अधिवक्ता रामकृष्ण भण्डारी वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

विपक्षी महानगरीय प्रहरी परिसर, हनुमानढोकाको लिखित जवाफमा पनि निवेदकलाई अपहरण तथा शरीर बन्धक मुद्दामा अनुसन्धानको लागि पक्राउ गरी अदालतको अनुमतिले थुनामा राखेको भन्ने उल्लेख भएको देखिँदा निवेदकलाई गैरकानूनी थुनामा राखेको भन्न मिल्ने अवस्था देखिन आएन । बन्दीप्रत्यक्षीकरणको आदेश कानूनविपरीत थुनामा राखिएको अवस्थामा जारी हुने प्रकृतिको

आदेश भएको सन्दर्भमा यी निवेदकलाई साधिकार निकायबाट कानूनको रीत पुर्‍याई मुद्दा अनुसन्धानको सिलसिलामा थुनामा राखिएको देखिएकाले उक्त थुना कानूनविपरीत भएको भन्न मिल्ने अवस्था नहुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल वैशाख २४ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ओमप्रकाश मिश्र,** रिट नं. ०७०-WH-००६८, बन्दीप्रत्यक्षीकरण, *रामचन्द्र अधिकारीको हकमा अधिवक्ता अन्जनीकुमार पोखरेल वि. गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

मिति २०७१।३।६ गतेको कागज हेर्दा निवेदकको श्रीमती अम्बिका अधिकारीले निवेदकलाई बुझी लिई सहीछाप गरेको व्यहोरा उल्लेख भएको देखिन्छ । यसरी यी रिट निवेदक मिति २०७१।३।६ गते नै थुनाबाट मुक्त भइसकेको देखिएकाले प्रस्तुत निवेदनको औचित्य नै समाप्त भई निस्प्रयोजन भइसकेको देखिँदा मागबमोजिमको आदेश जारी गरिरहन नपरी प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल असार १७ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६२ सालको दे.पु.नं.८३४८, अंश नामसारी, *जोगेन्द्र अहिरसमेत वि. रवडी अहिरनीसमेत*

प्रमाण ऐन, २०३१ को दफा २३(४) मा "अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता सम्बन्ध छ वा छैन भन्ने कुरा एकिन गर्नुपरेमा त्यस्तो नाता वा सम्बन्धको विशेष जानकारी हुनसक्ने स्थितिमा भएको व्यक्तिको राय प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेको छ । यसरी नाता सम्बन्धमा विशेष जानकारी प्राप्त गरेका र अ.बं. १३९ नं. बमोजिम बुझिएका यिनै वादी रवडीका पहिलो पतिबाट जन्मेकी छोरी मुराती र दोस्रो पतिबाट जन्मेकी छोरी मेवाले गरेको बयानलाई बिनाआधार बाहेक गर्न मिल्ने अवस्था हुँदैन । चनरजितको सत्य डगाई अर्कै व्यक्तिसँग विवाह गरी नगएको भए आफ्नो आमा विरूद्ध हुने गरी आफ्ना सन्ततीले नातामा विवाद देखाई बयान गर्नुपर्ने अवस्था हुँदैनथ्यो । अ.बं. १३९ नं. बमोजिम बुझिएका वादी रवडीका छोरीहरूले गरेको नाता सम्बन्धमा व्यक्त गरेको रायलाई प्रमाणमा लिन मिल्ने देखिन आउने ।

पत्नीले पतिबाट अंश पाउने त्यस्तो महिला पतिको सत्यमा रहेको हुनुपर्ने र छोराछोरीले पिताबाट अंश पाउनका लागि निज आफ्नो आमा बाबुबाट जन्मेको जैविक सन्तान हुनुपर्ने वा कानूनबमोजिम धर्मपुत्र वा धर्मपुत्री राखेको हुनुपर्दछ । सो बाहेक अन्य अवस्थाका कुनै व्यक्तिले पत्नी र छोराछोरीहरूको रूपमा अंशमा दावी गर्नसक्ने अवस्था रहँदैन । विधिवत पति पत्नी नरहेको अवस्था र जैविक सन्तान नदेखिएको अवस्थामा त्यस्ता व्यक्तिलाई अदालतले अंश दिलाउनु कानूनविपरीत हुनजाने ।

नाता कायम सम्बन्धमा तथ्य स्थापित गराउने अन्य आधिकारिक सम्बद्ध प्रमाणले पुष्टि गरेको छ भने सो अवस्थामा फरक उद्देश्य र प्रयोजनले रेकर्ड भएका त्यस्ता प्रमाण सहायक प्रमाणको रूपमा ग्रहण गर्नसकिने भए पनि नाता कायम गर्ने र अंश दिलाउने प्रयोजनले विवादित भर्ना रेकर्डलाई आधारभूत अकाट्य र निर्णयविन्दुमा पुग्ने निर्णायक प्रमाणको रूपमा ग्रहण गर्न र सो भर्ना रेकर्डलाई आधार मान्न सकिने अवस्था नहुने ।

डीएनए परीक्षण गर्ने विशेषज्ञ वरिष्ठ वैज्ञानिक अधिकृत दिनेशकुमार झाले यस अदालतमा उपस्थित भई आफूले गरेको परीक्षण र प्रतिवेदनको आधिकारिकता एवम् यथार्थको सम्बन्धमा साक्षीसरह बकपत्र गरिदिएको हुँदा डी.एन.ए. परीक्षण प्रतिवेदनबाट प्रतिवादी चनरजित अहिर वादी राजेन्द्र अहिरको

जैविक पिता नभएको भन्ने तथ्य स्थापित भएको हुँदा वादी रवडी अहिरनीले चनरजितको सत्यमा रही पूर्व पति चनरजितको सहबासबाट राजेन्द्र अहिरलाई जन्म दिएको भन्ने देखिन नआएबाट यी वादीहरू चनरजितको पत्नी र छोरा भन्ने ठहर गर्न र अंश पाउने भन्न मिल्ने देखिन नआउने।

माथि गरिएको विवेचना एवम् वैज्ञानिक परीक्षण पद्धतिअनुसार DNA परीक्षणसमेतको आधारमा वादी राजेन्द्र अहिरको जैविक पिता चनरजित अहिर रहेको देखिन नआएको अवस्थामा चनरजित अहिरको पत्नी रवडी अहिरनी र राजेन्द्र अहिर छोरा नाता कायम गरी निज वादीहरूले प्रतिवादीहरूको सम्पत्तिबाट अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६२।३।६ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई अंश पाउँ भन्ने वादी दावी नपुग्ने।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०७१ साल कात्तिक २६ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०२४६, बन्डा मुचुल्का बदर, *सुरसतिया धनुकाईन वि. रामलखन महतो धानुकसमेत*

पुनरावेदक प्रतिवादी सुरसतियाले आफ्नो अंश भाग छुट्ट्याई लिएबाट आफ्नो भागमात्र बाँकी रहेको भनी फिराद गरी दुबै वादी प्रतिवादी विष्णु महतो धानुक र रामलखन महतो धानुकले आपसमा मिलापत्र गरी सुरसतियाले छुट्ट्याई लिएको जग्गा दा.खा. दर्ता गरी बाँकी रहेको जग्गा यी वादीहरूले मिलापत्रको माध्यमबाट आआफ्नो नाममा दा.खा. दर्ता गरी सकेपछि पूर्व मिलापत्रलाई स्वीकार गरेको अवस्थामा त्यसरी आफूले दिएको पूर्व फिराद तथा मिलापत्रमा उल्लिखित कुरालाई लोप गरी मिति २०६०।६।७ मा नक्कल लिई थाहा पाएको भनी फिराद गरेको देखिन्छ। तर सुरसतियाले बन्डा छुट्ट्याई लिएको मिति २०५७।९।५ को बन्डा मुचुल्काबाट बाँकी रहेको जग्गालाई यी वादीहरूले आफूहरूबीचमा मिलापत्र गर्नुपूर्व कुनै चुनौती दिएको अवस्थासमेत छैन। फैसला कार्यान्वयनबाट सिर्जित परिणामलाई सम्बन्धित पक्षले स्वीकार गरी त्यस्तो कार्यान्वयनको परिणामको अंशसमेत आफूले प्राप्त गरेपछि स्वीकार गरिएको पूर्व परिणामलाई पछि अस्वीकार गरी दावी गर्न नमिल्ने।

एकपटक आफूले स्वीकार गरी त्यसबाट फाइदा लिइसकेपछि सोही विषयमा यस्तो होइन भनी दावी लिन विवन्धनको सिद्धान्तविपरीत हुन जान्छ। अंश मुद्दाको मिलापत्रबाट पूर्व बन्डा मुचुल्कामा उल्लिखित जग्गा नै आफ्नो भागशान्ति लिई कित्ताकाट गरी दा.खा.दर्ता नामसारीसमेतका कार्य पूरा गरिसकेको अवस्थामा पूर्व बन्डा मुचुल्कालाई मान्दिनौं भन्न वादीहरूलाई प्रमाण ऐन, २०३१ को दफा ३४ ले विवन्धन लाग्ने हुँदा एकपटक स्वीकार गरिसकेको विषयमा पुनः अस्वीकार गरी दावी गर्न मिल्ने नदेखिने।

पर्सा जिल्ला अदालतको मिति २०५४।१२।१९ को फैसलाबमोजिम बारा जिल्लाअन्तर्गतको जग्गा सुरसतिया धनुकाईनले मिति २०५७।९।५ मा बन्डा छुट्ट्याएको जिल्ला बारा, लिपनीमाल गा.वि.स. वडा नं. ६ को साविक कि.नं.३, ८, वडा नं. ७ को कि.नं. ३९, ४३ र ४९ का जग्गाहरू कित्ताकाट गरी निजले दा.खा. दर्ता गरी सोही बन्डा मुचुल्कामा सो मुद्दाका प्रतिवादी यिनै वादीहरूको भाग बाँकी रहेकोमा सोलाई स्वीकार गरी यिनै वादीहरूले दे.नं.१८८३ को अंश मुद्दामा साविक कि.नं.३, ८, ३९, ४३, र ४९ बाट कित्ताकाट हुँदै हाल कायमी कि.नं.१३१, १३३, १३५, १८३ र १८५ का जग्गा आआफ्नो नाममा दर्ता हुने गरी मिति २०५९।५।२४ मा मिलापत्र गरी आफ्नो अंश भागसमेत लिई दा.खा. दर्ता समेत गरेको देखिएकाले बन्डा मुचल्काबाट प्राप्त सम्पत्ति अंशबन्डा गरी लाभ लिइसकेको विषयमा पछि नालिस गरेबाट त्यस्तो विषयमा दावी गर्न विवन्धन र लाभको सिद्धान्तसमेतले नमिल्ने हुन्छ। यी कुरा तथ्यगत कुरा भएको देखिँदा आफूले लाभ लिई सकेपछि सो कुरा यस्तो होइन भनी निजले भन्न

नमिल्ने हुँदा मिति २०५७।९।५ को बन्डा मुचुल्का बदर गरिपाउँ भन्ने वादी दावी नपुग्ने।
इजलास अधिकृत: दीपक ढकाल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल मङ्सिर ७ गते रोज १ शुभम्।

- ०६९-CI-०२४८, ०२४७, लिखत बदर दर्ता बदर, रामबाबु रौनियार वि. रामलखन महतो धानुकसमेत, *सुरसतिया धनुकाईन वि. रामलखन महतो धानुकसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**इजलास नं. १**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WH-००७०, बन्दीप्रत्यक्षीकरण, *बृजमोहन सोनी वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौंसमेत*

प्रमुख भन्सार प्रशासकले आफ्नो अधिकारक्षेत्रभित्र कानूनबमोजिम मुद्दाको सुनुवाइ गरी प्रतिवादीहरू विरूद्ध पुर्पक्षको सिलसिलामा गरेको आदेशउपर यी निवेदकहरू पुनरावेदन तह राजस्व न्यायाधिकरणमा मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको निवेदन लिई गएको समेत मिसिलबाट देखिने।

रिट निवेदक/प्रतिवादीहरू विरूद्ध कानूनबमोजिम यी निवेदकलाई थुनामा राखी मुद्दाको अग्रिम कारवाही अगाडि बढाउन आदेशसम्म भै त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा उक्त सुन चोरी पैठारी मुद्दा अन्तिम निर्णय हुन बाँकी रहेको र अ.बं. १७ नं. बमोजिमको निवेदन राजस्व न्यायाधिकरणमा विचाराधीन रही सोउपरसमेत निर्णय हुन बाँकी रहेको अवस्थामा रिट निवेदकहरू यस अदालतमा प्रस्तुत रिट निवेदन लिई प्रवेश गरेको देखिने।

निकासी पैठारी (नियन्त्रण) ऐन वा भन्सार ऐनमध्ये कुन कानून आकृष्ट हुने भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालय एवम् राजस्व न्यायाधिकरणबाट पछि निर्णय हुँदा ठहरेबमोजिम हुने नै हुँदा अधिकारप्राप्त अधिकारीबाट निर्णय गर्नुपूर्व भन्सार ऐनले दिएको अधिकार प्रयोग गरी तोकेको प्रक्रिया पूरा गरी गरेको काममा यस अदालतबाट सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को आधार लिई प्रस्तुत मुद्दामा असाधारण अधिकारक्षेत्र प्रयोग गरी हस्तक्षेप गर्न मिल्ने नदेखिने।

कानूनबमोजिमको क्षेत्राधिकारयुक्त निकायमा प्रचलित कानूनबमोजिम उजुरी परी विचाराधीन अवस्थामा रहेको मुद्दामा भएको आदेशउपर परेको उजुरीसमेतमा कारवाही हुँदा सुनुवाइ जारी नै रहेको अवस्थामा निवेदकहरू बृजमोहन सोनी, लक्ष्मीदेवी सोनी र राजकुमार सोनीलाई थुनामा राखी पुर्पक्ष गर्ने गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७१।२।२९ मा भएको आदेश गैरकानूनी देखिने कुनै आधार विद्यमान नदेखिएकाले रिट निवेदकहरूको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: टीकाभूषण घिमिरे
कम्प्युटर: कल्पना बर्तौला
इति संवत् २०७१ साल असार ३२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WH-००७२, बन्दीप्रत्यक्षीकरण, *मुहम्मद सिराजुदिन लेन काजी रजाक वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौंसमेत*

रिट निवेदक/प्रतिवादी विरूद्ध कानूनबमोजिम यी निवेदकलाई थुनामा राखी मुद्दाको अग्रिम कारवाही अगाडि बढाउने आदेशसम्म भै त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा उक्त सुन चोरी पैठारी मुद्दा अन्तिम निर्णय हुन बाँकी रहेको अवस्थामा रिट निवेदक यस अदालतमा प्रस्तुत रिट निवेदन लिई प्रवेश गरेको देखियो। सो मुद्दामा निकासी पैठारी (नियन्त्रण) ऐन वा भन्सार ऐनमध्ये कुन कानून आकृष्ट हुने भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट पछि निर्णय हुँदा ठहरेबमोजिम हुने नै हुँदा अधिकारप्राप्त अधिकारीबाट निर्णय गर्नुपूर्व भन्सार ऐनले दिएको अधिकार प्रयोग

गरी तोकेको प्रक्रिया पूरा गरी गरेको काममा यस अदालतबाट सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को आधार लिई प्रस्तुत मुद्दामा असाधारण अधिकारक्षेत्र प्रयोग गरी हस्तक्षेप गर्न मिल्ने नदेखिने।

अधिकारक्षेत्रयुक्त निकायमा कानूनबमोजिमको उजुरी परी विचाराधीन अवस्थामा रहेको मुद्दामा निवेदक मुहम्मद सिराजुदिन लेनकाजि रजाकलाई थुनामा राखी पुर्पक्ष गर्ने गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७१।२।२९ मा भएको आदेश गैरकानूनी देखिने कुनै आधार विद्यमान नदेखिएकाले रिट निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असार ३२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०२८०, निषेधाज्ञा, गुठी संस्थान शाखा कार्यालय, वीरगन्ज, *पर्साको तर्फबाट र आफ्नो हकमा समेत कृष्णहरि भट्टराई वि. रामेश्वर पुरी*

गुठी संस्थान ऐन, २०३३ को दफा २७ मा "गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहीयानी हक पाउने छ। तर गुठीको कुनै निश्चित काम गरेबापत जोती भोग गर्न पाउने रकमीले त्यस्तो जग्गामा मोहीयानी हक पाउने छैन। साविकदेखि खेती गरी नआएको बाग बगैचा भएको वा तोकिएको शहर बजारको पर्ति गुठी जग्गामा मोहीयानी हक पाउने छैन।" भन्ने कानूनी व्यवस्था भएकोमा विवादित कि.नं. २१ र ६० का जग्गाको मोही रामेश्वर पुरी भनी मोहीयानी हकको प्रमाणपत्र प्रदान भएको मिसिल संलग्न प्रमाणको छाँयाप्रतिबाट देखिन्छ। उक्त प्रमाणपत्र बदर भएको भन्ने जिकिर यी पुनरावेदकले लिएको पनि देखिएन। यसरी मोहीको प्रमाणपत्र रहेको जग्गामा सो बदर नभएसम्म पुनरावेदकले दखल गर्न नसक्ने।

विवादको जग्गामा भूमिसम्बन्धी ऐन, २०२१ लागू हुँदाको बखत मोही कायम भएको देखिन्छ। गुठी संस्थान ऐन, २०३३ को दफा २७ संशोधन भई हाल "गुठीको कुनै निश्चित काम गरेबापत जोती भोग गर्न पाउने रकमीले त्यस्तो जग्गाको मोहीयानी हक पाउने छैन" भन्ने व्यवस्था भएको देखिन्छ। यसरी भूमिसम्बन्धी ऐन लागू हुँदाको बखत मोही कायम भएको जग्गामा २०४९ सालमा भएको गुठी संस्थान ऐन, २०३३ को उक्त संशोधित व्यवस्था प्रस्तुत विवादमा आकर्षित हुने कुरा आउँदैन। पहिला नै प्राप्त भएको हकमा पछि भएको कानूनको संशोधनले उक्त हकलाई प्रतिकूल असर पार्न नसक्ने भएबाट यस अदालतबाट मिति २०६८।१२।२३ मा भएको विपक्षी झिकाउने आदेशमा लिइएको आधारसँग सहमत हुन नसकिने हुँदा विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६४।१०।९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुन्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७० साल कात्तिक ३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०१०४, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. डेभिटराज गुरूङ*

जाहेरवालाले सुरू जाहेरी दरखास्तमा उल्लेख गरेबमोजिमको विवरण खण्डन हुने गरी वैदेशिक रोजगार विभागसमक्ष निवेदन दिई सनाखत गरेको र दावीको रकम वैदेशिक रोजगारका लागि नभै लेनदेनको रूपमा भएको भनी उल्लेख गरेको देखिएबाट प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय गर्न न्यायोचित हुने देखिएन। अतः प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिई मुद्दा नै खारेज गर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।९।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ। प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय गरिपाउँ भन्ने वादी

नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०१०९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मण भट्टसमेत*

घटना तथा वारदातको प्रकृतिबाट प्रतिवादी लक्ष्मण भट्टसमेत सँगै ध्रुवराज उपाध्याय मिति २०६६।४।८ को रातिसम्म सँगै रहेको अवस्था विद्यमान भै उक्त रातिबाट निज ध्रुवराज कहाँ गए, कसरी बेपत्ता भए वा निजलाई कसैले कर्तव्य गरी मारी लास दबाए छिपाए भन्नेसमेतको अवस्था एकिन हुन नसकेको, लक्ष्मण भट्टसँगकै कारोबारको विषयलाई लिएर र सानो रकमका लागि यी प्रतिवादी लक्ष्मण भट्टले निज ध्रुवराजको कर्तव्य गरी मारे होलान् भनी अनुमान गर्नसमेत नमिल्ने।

लक्ष्मण भट्टले नै निज ध्रुवराज उपाध्यायलाई कर्तव्य गरी मारी निजको लास बेपत्ता पारेको भन्ने मिसिल संलग्न प्रमाणसमेतबाट पुष्टि हुन नसकिरहेको स्थितिमा प्रतिवादी बनाइएका धनुराम भट्ट र नवराज जोशी निज ध्रुवराज उपाध्यायसँगै एउटै गाडीमा हिँडेको भन्ने मात्रै आधार लिई निज ध्रुवराज उपाध्याय मारिएको वा हराएको जरियालाई आधार मानी निजको कर्तव्य यी प्रतिवादीहरू समेतको संलग्नतामा भएको हो भनी मनोगत अर्थ गरी सजाय गर्नु न्याय कानून तथा विवेकको रोहमा समेत मिल्ने भएन। तसर्थ यी प्रतिवादी नवराज जोशी तथा धनुराम भट्टलाई अभियोग दावीबाट सफाइ दिने ठहरी भएको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला र सोही फैसलालाई सदर गर्ने गरी भएको पुनरावदेन अदालत, महेन्द्रनगरको फैसला कानूनसङ्गत् नै देखिन आउने।

हराएका निज ध्रुवराज उपाध्यायको स्थितिको एकिन नै नभइरहेको यस्तो अवस्थामा लक्ष्मण भट्ट र ध्रुवराज उपाध्यायका बीच लेनदेनको विषय रहेको भन्ने समेतको आधारमा निजको कर्तव्य नै प्रतिवादी लक्ष्मण भट्टसमेतका प्रतिवादीहरूले गरेको तथ्य प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीहरू लक्ष्मण भट्ट, धनुराम भट्ट तथा नवराज जोशीले अभियोग दावीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६७।१२।२१ मा भएको फैसला कानूनसङ्गत देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरू लक्ष्मण भट्ट, धनुराम भट्ट तथा नवराज जोशीलाई सफाई दिने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्दछ भन्नेसमेतको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CI-०३४५, अबन्डा जग्गा बन्डा गरिपाऊँ, *ललितकुमार थापा वि. दिलबहादुर थापा*

वादी प्रतिवादी दाजुभाइ नाताको भन्ने कुरामा कुनै विवाद छैन। फिरादपत्रमा बमबहादुरलाई वादीले कान्छो बाबु भने तापनि वादीको वारिसले अ.बं. ७८ नं. बमोजिम गरेको बयानसमेत समग्र मिसिल अध्ययन गर्दा बमबहादुर वादीका कान्छो हजुरबा हुन् भन्ने देखिन्छ। यी वादीले अंशमा दावी गरी यी प्रतिवादीसमेतउपर दिएको अंश मुद्दामा वादीले अंश पाउने गरी मिति २०४१।८।५ मा मिलापत्र भएको व्यहोरा मिसिल अध्ययनबाट देखिन्छ। अंशबन्डाको लिखत वा मिलापत्रको कागजमा अबन्डा भनी कुनै सम्पत्तिको उल्लेख नहुँदैमा त्यस्तो सम्पत्ति बन्डा नहुने भन्न हुँदैन तर प्रस्तुत मुद्दामा बमबहादुरको भनी छुट्ट्याइएको अंशभागको जग्गामा यी वादी अंशियार नहुने हुँदा उक्त जग्गालाई अंशबन्डाको प्रयोजनको निम्ति अबन्डा भन्न मिल्ने स्थिति नहुने।

वादी दावीको कित्ताफोड हुँदै आएको कि.नं. २१४१ को जग्गा अबन्डा रहेको थियो थिएन भन्नेतर्फ हेर्दा पनि उक्त कि.नं. ३१४१ को जग्गा कि.नं. १०९६ बाट फोड भई आएको तथ्य कि.नं. २१४१ नं. को

दर्ता स्रेस्ता र यी वादी प्रतिवादीबीच भएको मिति २०५२।१।१४ मा भएको सट्टापट्टाको लिखतबाट देखिन आएको छ । सो कुरा पुनरावेदनपत्रमा पनि वादीले स्वीकार गरेकै देखिएको छ । कि.नं. १०९६ नं. को जग्गामा यी वादीको समेत हक लाग्ने भए त्यही जग्गा प्रतिवादीसँग सट्टापट्टा गर्नुपर्ने आधार कारण पुनरावेदकले खुलाउन सकेको नपाइने ।

प्रस्तुत मुद्दामा बमबहादुरको भाग छुट्ट्याइएको मिलापत्रबाटै देखिएको सो भागको सम्पत्ति संरक्षण गर्नुपर्ने कर्तव्य मिलापत्र गर्ने सम्बन्धित पक्षहरूको हुने हुनाले र बमबहादुरको भाग माग्न आएका बखत दिलाई दिनुपर्ने कर्तव्य मिलापत्रका पक्षहरूको हुने हुनाले त्यस्तो सम्पत्तिमा जहाँ जसको नाममा रहे तापनि संरक्षण गर्नुपर्ने दायित्व मिलापत्रकर्ताहरूको नै हुन्छ । यी वादी प्रतिवादीका हजुरबुबा टेकबहादुरका छोरा नातिले बमबहादुरको भागबाट अंश पाउने भन्ने कुरा अंशबन्डाको महलले मिल्ने हुँदैन । अंश हक अपुतालीको हक अलगअलग विषय हो । प्रस्तुत मुद्दामा वादीले बमबहादुरको मृत्यु भएको भनी प्रमाण लाग्ने कागज पेस गरी प्रमाण ऐन, २०३१ को दफा ३२ बमोजिम दावी गरेको अवस्था पनि छैन । सो दफाबमोजिम दावी नगरेको अवस्थामा दावीको सम्पत्ति अपुतालीको विषय बन्न सक्तैन । बमबहादुरको अंश भाग भक्तबहादुरको नाममा रहे भएको वा वादीका आमा मैना थापाका नाममा नामसारी भएको रहेछ भने तापनि निजको अपुताली परी अपुतालीको कानूनबमोजिम हुनेमा बाहेक अन्य अंशियारले अंशलगायतको कारण बनाई हिनामिना गर्नसक्ने अवस्था देखिँदैन । यस्तो अवस्थामा यस अदालतबाट दिइएको निस्सासँगसमेत सहमत हुन नसकिने ।

बमबहादुरको भाग छुट्ट्याइएको सो सम्पत्तिको बाँडफाँट गरी कुनै एकजनाले खाएको भन्ने अवस्था नहुँदा र वादीले नै खान पाउनुपर्ने कानूनी आधार पनि खुलाउन सकेको नहुँदा पुनरावेदन अदालतको इन्साफमा परिवर्तन गर्नुपर्ने देखिँदैन । बमबहादुरको अपुताली परेका बखत वा सो प्रमाण पुर्‍याई दावी गरेका बखत ठहरेबमोजिम हुने नै हुँदा पुनरावेदन अदालत, पोखराको मिति २०६५।१।१७ को फैसला मनासिब नै हुँदा सदर हुने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक २५ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CI-०८५२, निर्णय दर्ता बदर हक कायम, *भच्छन थारू वि. भिउप्रसाद थारू*

पुनरावेदक प्रतिवादी पक्ष र गोलिया थरूनी विपक्षी भै दायर भएको यसै लगाउको ०६७-CI-०८५३ को फैसला बदर मुद्दामा आज यसै इजलासबाट पुनरावेदन अदालत, बुटवलबाट फैसला हुँदा वादी भच्छन थारू र प्रतिवादी भिउप्रसाद थारू भएको २०५७ सालको दे.दा.नं. १०५२ को अंश मुद्दामा तहतह फैसला हुँदा गोलिया थरूनीको पुस्तेवारी लोप गरी निजको हकमा प्रतिकूल असर परेको हदसम्मको फैसला बदर हुनुपर्नेमा फैसला बदर नहुने ठहर्‍याई २०६५।१।८ मा भएको कपिलवस्तु जिल्ला अदालतको फैसला वादीको पुस्तेवारी हदसम्म बदर भै सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहर्छ भनी फैसला भएको र सोही फैसलासमेतमा लिइएका आधार प्रमाणहरूसमेत प्रस्तुत मुद्दामा आकर्षित रहने भएबाट प्रस्तुत मुद्दामा पनि पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।९।२६ मा भएको फैसला सदर हुने ठहर्छ । प्रतिवादी भच्छन थारूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०७३५, लुटपीट, *भच्छन थारू वि. गोलिया थरूनीसमेत*
- ०६७-CI-०८५३, फैसला बदर, *भच्छन थारू वि. गोलिया थरूनी*

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०२६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मुकदर काँदु भन्ने सुरेश काँदुसमेत*

जाहेरवालाले आफ्नो बकपत्रमा समेत निज सुरेश काँदुले पानीमा डुबाई मारेको र लल्लन काँदु र जगराम काँदुले पोष्टमार्टम गर्नसमेत नदिएको भनी जिकिर लिए पनि वारदातको विषयलाई लिएर कानूनबमोजिम प्रक्रिया सुचारू गर्नबाट यी प्रतिवादीले यो यो रीतबाट अवरोध गरेको भनी स्पष्ट गर्न र सोको प्रमाण पुष्टि हुन सकेको समेत नदेखिने।

सञ्जु काँदु आफैँ पानीमा डुबी मरेको वा जाहेरवालाले जिकिर लिएबमोजिम प्रतिवादी मुकदर भन्ने सुरेश काँदुले नै पानीमा डुबाई मारेको भन्ने एकिन हुन मौकामा नै शव परीक्षण हुनसमेत वाञ्छनीय हुनेमा सोसमेत हुन नसकेको एवम् चश्मदिद गवाह भनिएका झब्बु खाँको बकपत्रसमेत परस्परमा बाझिइरहेको अवस्थामा जाहेरवालाको भनाइलाई आधार मानी यी प्रतिवादी मुकदर भन्ने सुरेश काँदुले निज सञ्जु काँदुलाई पानीमा डुबाई मारेको भनी अनुमान गरी निज सुरेश काँदुलाई अभियोग दावीबमोजिम सजाय गर्न मनासिब नहुने।

निज सञ्जु काँदुको मृत्यु प्रतिवादी मुकदर भन्ने सुरेश काँदुको कर्तव्यबाट भएको भन्ने नै पुष्टि हुन नसकेको एवम् यी प्रतिवादीहरूले आफूउपरको आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको बयानमा समेत कसुरमा पूर्णत: इन्कारी बयान दिएको मिसिलबाट देखिएको छ । वारदात पुष्टि हुन सक्ने एवम् प्रतिवादीहरूको कर्तव्यबाट नै उक्त लास दबाउनमा हात रहेको भन्ने पुष्टि गर्ने वस्तुगत प्रमाणको अभावमा यी प्रतिवादीहरूले अभियोग दावीअनुरूपको कसुर गरे भनी अनुमान गरी निजहरूलाई समेत सजाय गर्न नमिल्ने।

सुरू बाँके जिल्ला अदालतबाट यी प्रतिवादी सुरेश काँदुलाई सर्वस्वसहित जन्मकैद, प्रतिवादी जगराम काँदु र लल्लन काँदुलाई जनही ६ महिना कैद सजाय हुने ठहर्‍याइ भएको फैसलालाई उल्टी गरी प्रतिवादी सुरेश काँदु, जगराम काँदु र लल्लन काँदुलाई अभियोग दावीबाट सफाइ दिने ठहरी पुनरावेदन अदालत, नेपालगन्जबाट २०६७।११।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ। अभियोग दावीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०३११, डाँका, *नेपाल सरकार वि. नवराज रायमाझीसमेत*

जाहेरवालाले प्रस्तुत वारदातको सम्बन्धमा जाहेरी दिँदा रू.१२,२५,९००।- बराबरको धनमाल डाँका भएको भनी दाबी गरे पनि प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकातको सिलसिलामा प्रतिवादी नवराज रायमाझी तथा पंकज खड्काको साथबाट बरामद भएको रकम र पंकज खड्काले माधव दियालीलाई बिक्री गरेको सुनको औंठीसमेतको मूल्य रू.१६,४००।-मा खरिद बिक्री भएको भन्ने माधव दियालीको बयानबाट देखिएको एवम् बरामदी क्यामराको रू.४५००।- र नगद रू.५०००।- गरी जम्मा २५,९००।-बराबरको बिगोमात्रको नगद र सामान बरामद हुन आएको देखिँदा जाहेरवालाको दावीबमोजिमको नगद तथा सामान डाँका भएको भन्ने वस्तुनिष्ठ प्रमाणसमेत देखिन नआएकाले यी प्रतिवादी नवराज रायमाझी र पंकज दाहालसमेतका प्रतिवादीले रू.२५,९००।- बराबर बिगो चोरी गरेको देखिँदा सुरू काठमाडौं जिल्ला अदालतबाट यी प्रतिवादीहरूलाई समेत सफाइ दिने ठहरी भएको फैसला केही उल्टी गरी पंकज खड्का र नवराज रायमाझीलाई २५,९००।- बराबरको धनमाल चोरी गरेको ठहराई निजहरूलाई चोरीको १४(२) नं. बमोजिम जनही डेढ महिना कैद र बिगो रू. ३८,८५०।- जरिवाना हुने ठहरी भएको पुनरावेदन अदालत, पाटनको फैसला कानूनसङ्गत देखिने।

प्रतिवादी पंकज खड्काले अधिकारप्राप्त

अधिकारीसमक्षको बयानमा यी प्रतिवादी विजय अधिकारीसमेतको नाम उल्लेख गरी पोल गरेको देखिन्छ । यद्यपि यी प्रतिवादीको साथबाट वारदातमा चोरी गरी लगेका नगद वा धनमालमध्ये केही निजले लिएको खाएको भन्ने पनि देखिएको छैन । अधिकारप्राप्त अधिकारीसमक्ष वारदातमा प्रतिवादी विजय अधिकारीको संलग्नता रहेको भन्नेसमेतको व्यहोरा रहे पनि सो पुष्टि हुने अन्य कुनै स्वतन्त्र प्रमाण दाखेल हुन सकेको छैन । डाँकाको वारदातमा प्रतिवादी विजय अधिकारी संलग्न भएको भए उक्त वारदातमा डाँका चोरी गरी लगेका धनमाल गरगहना वा नगदको हिस्सासमेत यी प्रतिवादीले प्राप्त गरेको हुनुपर्ने वा निजलाई प्रतिवादी पूर्ण शाहीले दिएको वा दिन लगाएको भन्नेसम्मका आधार मिसिलमा भेटिएको छैन । यी प्रतिवादीको साथबाट दसीको कुनै सामान बरामद भएको समेत नदेखिँदा निजलाई अभियोग दाबीबमोजिम सजाय गर्न मनासिब नहुने ।

प्रतिवादी माधव दियालीले प्रतिवादी पंकज खड्काले उक्त वारदातमा चोरी गरेका सुनको औंठीलगायत निजको पसलबाट बरामद भएका सामानहरू रू.१६,४००।- मा खरिदसम्म गरेको भन्ने निजको बयानबाट समेत समर्थित भएको छ । निजउपर अभियोग दायर गर्दा निजउपर चोरीको महलको २३ नं. समेतको आधारमा अभियोग दाबी लिइएको छ । तथापि निज माधव दियालीले उल्लिखित बरामद भएका सामान पंकज खड्काले चोरी गरेको भन्ने थाहा पाईपाई आफूले खरिद गरेको भनेको देखिँदैन । न त प्रतिवादी पंकज खड्काको बयानबाट समेत ती सामान आफूले चोरी गरी ल्याएकाले खरिद गरिदिनु भनी माधव दियालीलाई भनेको भन्ने कुरा प्रमाणित भएको देखिन्छ । स्वाभाविक तबरबाट प्राप्त भएका ती सामानहरू खरिदसम्म गर्न हुने अनुमानका आधारमा निजले उक्त सामान खरिद गरेको र खरिद गरेका सामान चोरी भए नभएको बारेमा निजलाई थाहा जानकारी नभएको अवस्थामा प्रतिवादी माधव दियालीलाई चोरीको २३ नं. विपरीतको कसुर गरेको भन्ने कुरालाई आधार बनाई निजलाई अभियोग दावीबमोजिम सजाय गर्न मिल्ने पनि भएन । अतः यी प्रतिवादीद्वय विजय अधिकारी र माधव दियालीलाई अभियोग दावीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला कानूनसम्मत् नै देखिने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०३६५, डाँका, *नेपाल सरकार वि. मदन भन्ने मेघनाथ सापकोटासमेत*

जाहेरवालाले सुरू जाहेरीमा रू.७,०३,२७५।– नगद रूपैयाँ डाँका भएको भनी उल्लेख गरे पनि निजले अदालतसमक्ष आई बकपत्र गर्न नसकेको एवम् जाहेरीमा उल्लेख भएको उक्त रकम नै एकिन रूपमा डाँका भएको भन्ने वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको अवस्था नदेखिँदा वादी नेपाल सरकारको बिगो रू.७,०३,२७५ रूपैयाँ बराबरकै बिगो यी प्रतिवादीहरूले डाँका गरेकाले प्रतिवादीहरूलाई सोहीबमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफूलाई भित्री मर्म हुने गरी कुटपीट गरी साबित गराइएको भनी यी प्रतिवादीले अदालतसमक्ष बयान गरेको देखिन्छ । यी प्रतिवादीको साथबाट डाँकाको वारदात भएपश्चातको रकम बरामद भएको पनि छैन । प्रतिवादी जितेन्द्र कुर्मीले यी प्रतिवादीको संलग्नताका बारेमा भन्न सकेको पनि देखिन्न । अभियोग दायर गर्दा नै प्रतिवादी महेश शर्माले सुराकीको भूमिका खेलेको भन्नेसम्मको आशङ्काको भरमा अभियोग दायर भएकोसम्म देखिन्छ । प्रतिवादी महेश शर्माले बेलाबेलामा कर्मचारीको तलबका विषयमा आवाज उठाउने गरेको भनी निजका साक्षी सुरेन्द्रनाथ श्रीवास्तवले बकपत्र गरिदिएको कारणसमेतबाट यी प्रतिवादी महेश शर्माउपर शङ्काकै भरमा अभियोग

दायर भएको देखिएको छ । वारदातस्थलमा रहेको भन्ने जितेन्द्र कुर्मीले समेत खुलाउन नसकेको एवम् निज जाहेरवालाको पसलमै काम गरेका कारण यी प्रतिवादीले डाँका वारदात गराउन भूमिका खेली सुराकी गरेको भन्ने अनुमानका आधारमा दोषी ठहर गर्न न्यायोचित हुने नदेखिने ।

प्रतिवादी जितेन्द्र कुर्मी र सोमबहादुर आलेका हकमा सुरू रूपन्देही जिल्ला अदालतबाट जनही ६ वर्ष कैद र रू. ६७,५००।– जरिवाना हुने ठहर भएको फैसलालाई पुनरावेदन अदालत, बुटवलबाट सदर हुने ठहर भएकोमा वादी नेपाल सरकारका तर्फबाट यी प्रतिवादीहरूका हकमा बिगोबमोजिम नै सजाय हुनुपर्दछ भन्नेसमेतको पुनरावेदन जिकिर छ । प्रतिवादीमध्येका जितेन्द्र कुर्मीले उक्त डाँका वारदात गरिसकेपश्चात् आफूले प्राप्त गरेको रू. २०,०००।– नेपाल बैङ्क लिमिटेड भैरहवा शाखामा खातासमेत खोली जम्मा गरेको भनी वारदातबाट प्राप्त भएको रकमका सम्बन्धमा आफूले २०,०००।– प्राप्त गरेको भनी अनुसन्धानका क्रममा बयान गरेको देखिन्छ । उक्त डाँका वारदातको क्रममा सोमबहादुर आलेको मोटरसाइकल र नाथु थारूको मोटरसाइकलमा ५ जना गएको भन्नेसमेत व्यहोरा उल्लेख गरेको बयानबाट देखिन्छ । मिसिल संलग्न मिति २०६२।१।२२ को बरामद भएको मोटरसाइकलको सनाखत कागज गर्दा यी प्रतिवादी जितेन्द्र कुर्मीले लु.२ प. ५४३२ नम्बरको वाइ.वि.एक्स यामाहा मोटरसाइकल साथी सोमबहादुर आलेको भएको र २०६१।१२।८ गते दिउँसो १५:०० बजेको समयमा डाँका वारदातमा प्रयोग भएको भनी सनाखत गरिदिएको देखिन्छ । साथै मिति २०६२।११।९ मा भएको सनाखत कागजमा समेत यी प्रतिवादी जितेन्द्र कुर्मीले सोमबहादुर आलेलाई र सोमबहादुर आलेले जितेन्द्र कुर्मीलाई उक्त डाँका वारदातमा संलग्न हुने यिनै हुन् भनी परस्पररूपमा सनाखत बयानसमेत गरेको देखिएबाट अदालतसमक्षको बयानमा डाँका कसुरमा इन्कारी बयान दिँदैमा यी प्रतिवादीहरू उक्त कसुरमा संलग्न थिएनन् भनी भन्न नमिल्ने ।

यी प्रतिवादीहरूउपर उल्लिखित वारदातमा संलग्न भएको भन्नेसमेतको अभियोग माग दावी लिइएको छ । अदालतसमक्षको बयानमा प्रतिवादीहरूले डाँका वारदातको कसुरमा इन्कार गरी बयान गरेको देखिएको छ । वारदातमा यी प्रतिवादीहरूको संलग्नता छ भन्ने कुरा अभियोगमा उल्लेख गरे पनि यी प्रतिवादीहरूको घर खानतलासी गर्दा निजहरूको घरबाट प्रस्तुत डाँका वारदातसँग सम्बन्धित कुनै दसी फेला पर्न नसकेको भन्ने खानतलासी मुचुल्काबाट देखिएको छ । प्रतिवादी श्रीनिवास यादवले डाँकाको वारदातबाट प्राप्त भएको रकम आफूलाई दिएको भनी जितेन्द्र कुर्मीले उल्लेख गरे पनि त्यस्तो रकमका सम्बन्धमा थप विवरण खोली बयान गर्न सकेको देखिन्न भने अन्य प्रतिवादीहरूका हकमा समेत केही उल्लेख गर्न सकेको देखिएको छैन । कसुरमा इन्कार रही यी प्रतिवादी श्रीनिवास यादवसमेतका प्रतिवादीले अदालतसमक्ष बयान गरेको देखिन्छ । अतः यी प्रतिवादीहरूको घर खानतलासी गर्दा वारदातसँग सम्बन्धित रकम फेला पर्न नसकेको एवम् उक्त वारदातमा संलग्न रहेको भन्ने प्रमाणसमेत पेस हुन नसकेको देखिँदा यी प्रतिवादीहरूले अभियोग दावीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी जितेन्द्र कुर्मी र सोमबहादुर आलेलाई मुलुकी ऐन, चोरीको महलको १४(४) बमोजिम जनही ६ वर्ष कैद र रू. ६७,५००।– जरिवाना तथा अन्य प्रतिवादीहरू महेश शर्मा, मेघनाथ सापकोटा, पञ्चम भर र श्रीनिवास यादवले सफाइ पाउने ठहरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।११।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । बिगोबमोजिम सबै प्रतिवादीहरूलाई अभियोग दावीअनुरूप सजाय हुनुपर्छ भन्नेसमेतको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०५३८, लागुऔषध सेतो

हेरोइन, पासपोर्ट नं. ३२७४२२८ A का बाहक OBUNNEL MICHAEL OZOR *नेपाल सरकार वि. ओवुनमी माइकल ओजर वि. नेपाल सरकार*

अनुसन्धान अधिकृतसमक्ष यी प्रतिवादीलाई बयान गराउने क्रममा उक्त सवाल नं. ३ मा समेत तपाईंलाई अङ्ग्रेजी भाषा बुझ्ने दोभाषेमार्फत नेपाली भाषामा सोधिएको प्रश्न अङ्ग्रेजी भाषामा उल्था गरी पढी बाँची सुनाइन्छ अङ्ग्रेजी भाषामा बयान दिन तयार हुनुहुन्छ भनी सोध्नेसम्मको प्रक्रिया गरिएको मिसिलबाट देखिएको हुँदा यी प्रतिवादीले पुनरावेदन जिकिरमा उल्लेख गरेजस्तो आफूलाई उक्त भाषाका बारेमा दोभाषे उपलब्ध नगराइएको भनी मान्न नमिल्ने।

अदालतसमक्षको बयानमा यी प्रतिवादीले लागुऔषध बरामद नभएको तथा अनुसन्धानका क्रममा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफूलाई सहीमात्र गराएको भनी जिकिर लिए पनि त्यस्तो जिकिर खण्डन हुने गरी निजले प्रमाणसमेत पेस गर्न सकेको देखिन्न । बरामद भएको लागुऔषध सेतो हेरोइन जस्तो लागुऔषध यी पुनरावेदक प्रतिवादीले पेटमा निलिराखेको र निजको पेटबाट दिसाद्वारा निकाल्ने पद्धति अवलम्बन गरी बरामद गरिएको समेत पुष्टि भै रहेको देखिँदा निज प्रतिवादीको अदालतसमक्षको इन्कारी बयानलाई मात्र आधार मानी लागुऔषध ओसारपसारमा संलग्न सङ्गठित अपराधजस्तो गम्भीर प्रकृतिको कसुरमा संलग्नताको प्रतिनिधित्व गर्ने यी प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिन नमिल्ने।

यी प्रतिवादीको पेटबाट ६४ थान पत्थर प्लाष्टिक कोटेड गरी बनाएको क्याप्सुल निकालेको र त्यसमा ११०० ग्राम हेरोइन रहेको परीक्षण प्रतिवेदनबाट प्रमाणित भैरहेको स्थितिमा यी प्रतिवादीले लागुऔषध बरामद भएको कुरामा अदालतसमक्ष इन्कारी गरे पनि प्रहरीमा साबित रही बयान गरेको, पेटबाट बरामद भएका उक्त परिमाणमा रहेका ६४ थान क्याप्सुल वीरेन्द्र प्रहरी अस्पतालबाट निकालिएको र उक्त अस्पतालमै तयार गरिएको बरामदी मुचुल्का रीतपूर्वककै देखिएको हुँदा पुनरावेदक प्रतिवादीले बरामदी मुचुल्का नै रीतपूर्वक भएको छैन भनी लिइएको पुनरावेदन जिकिर र सोही जिकिरलाई समर्थन गर्ने गरी पक्षको तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

११०० ग्राम लागुऔषध सेतो हेरोइन बरामद भएको, दिसाद्वारा निकाली नापजोख गर्दासमेत त्यति परिमाणमा हेरोइन फेला परेको प्रमाणबाट पुष्टि हुँदा यी प्रतिवादीलाई सुरू काठमाडौं जिल्ला अदालतबाट लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) र (च) को कसुर अपराधमा ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम १७ वर्ष कैद र रू. ७,००,०००।– जरिवाना हुने ठहर्‍याई भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।८।२३ को फैसला मिलेकै देखिँदा सदर हुन्छ। अभियोग दावीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०८३१, बैङ्किङ कसुर, *नेपाल सरकार वि. रामेश्वर चौलागाईं*

जग्गा कारोबारको विषयमा लिएको रकम जाहेरवालाले माग गर्दा प्रतिवादी इन्द्रबहादुर लामाले निजको नाउँको खातामा रकम नै नरहेको जानीजानी हस्ताक्षर गरी चेक दिएको र सो कार्यमा राजकुमार दङ्गालसमेतले सघाई उक्त ठगी गर्ने कार्यमा यी प्रत्यर्थी रामेश्वर चौंलागाईंको कुनै संलग्नता नै रहेको नदेखिँदा यी प्रतिवादी रामेश्वर चौंलागाईंका हकमा अभियोग दावीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, पाटन, वाणिज्य इजलासको मिति २०६८।१।२९ को फैंसला मिलेकै देखिँदा सदर हुन्छ। प्रतिवादी रामेश्वर चौंलागाईंलाई अभियोग दावीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न

नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०९२६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. शोभितबहादुर बस्नेतसमेत*

मिसिल संलग्न स्वास्थ्य विज्ञान प्रतिष्ठानको घा केस फाराम व्यहोराबाट निज डम्मरराज बस्नेतको शरीरमा विभिन्न साइजका चोटहरू देखिए पनि अङ्गभङ्ग भएको, अङ्ग छिनालिएको, फुकालिएको भन्ने उल्लेख छैन । घटनाका प्रत्यक्षदर्शी भनिएका चेतबहादुर बस्नेतले मौकामा बयान गर्दा होहल्ला भएको सुनी घटनास्थलमा जाँदा प्रतिवादी शोभितबहादुर बस्नेतले फलामको दाउले डम्मरराज बस्नेतलाई प्रहार गरेको आफूले देखेको र निज डम्मरराज बस्नेत घाइते भै सोही स्थानमा लडी रहेकोमा अब त मान्छे मरिसक्यो के गर्नुभएको भनी आफूले भनेपछि शोभितबहादुर हातमा दाउ बोकी उत्तरतर्फ र वेदमाया दक्षिणतर्फ लागे भनी खुलाइदिएको देखिन्छ तर अदालतसमक्षको बकपत्रमा यी चश्मदिद गवाहका रूपमा रहेका चेतबहादुर बस्नेतले के भनाभन भयो सो नखुलेको र कसले पहिला हात छाड्यो सो आफूले नदेखेको भनी उल्लेख गरी बकपत्र गरेको देखिन्छ । बुझिएका तेजनारायण मेहतासमेतले अदालतमा बकपत्र गर्दा घटनास्थलमा घटना हुँदा आफू नभएको र पछिमात्र पुगेको भनी बकपत्र गरेको देखिएको छ। डम्बरराज बस्नेतले पीडितलाई मार्ने उद्देश्यले नै प्रहार गरेको भए साथमा रहेको दाउको उल्टोपट्टिबाट ढाडमा हान्नुको सट्टा सुल्टो पट्टिबाट नै सन्धिस्थलमा हान्नसक्ने देखिन्छ। त्यसबाट मार्नेसम्मको मनसाय रहेछ भन्न नसकिने।

पहिलो चोट नै यी प्रतिवादीहरूले प्रहार गरेको भन्ने तथ्य नै प्रमाणित हुन नसकेको एवम् वारदातस्थलमा डम्मरराजले प्रहार गरेपछि सो रोकी पुनः प्रहार गर्न लाग्दा आफूले निजको हातबाट दाउ खोसी हिर्काएको हो, मार्नेसम्मको मनसाय होइन भनी एकरूप साबितसमेत रहेको देखिएका समेतका तथ्यहरूसम्म पुष्टि भै डम्मरराज बस्नेत र यी प्रतिवादी शोभित बस्नेत, वेदमाया बस्नेतका बीच कुटाकुट भएकोसम्म देखिएको र ज्यान मार्ने उद्योगसम्मको अभियोग स्थापित हुन नसकेको समेतका आधार विद्यमान देखिँदा ज्यान मार्ने उद्योगतर्फको दावी पुग्न नसकी कुटपीटतर्फ परिवर्तन गर्ने गरी भएको सुरू मोरङ जिल्ला अदालतको फैसला तथा सोही फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला कानूनसङ्गत देखिने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम्।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०४८२, उत्प्रेषण, *निजामुद्दिन वली खाँ वि. जिल्ला बाँके, नेपालगन्ज नगरपालिका वडा नं. १७ सदरलाइन स्थित श्री सहकारी वित्तीय विकास संस्था लि. प्रधान कार्यालय, नेपालगन्जसमेत*

बैङ्क तथा वित्तीय संस्थाबाट अचल धितो राखी ऋण लिइसकेपछि निर्धारित समयभित्र त्यस्तो ऋण चुक्ता गर्नुपर्ने ऋणीको दायित्व हुनेमा विवाद रहँदैन । ऋण लिँदाखेरि निर्धारित समयभित्र ऋण चुक्ता गर्ने सर्त कबुलियतबमोजिम ऋण चुक्ता नगरेको अवस्थामा ऋणदाताले धितो लिएको सम्पत्ति लिलाम बिक्री गरेर भए पनि आफ्नो कर्जा असुल गर्न नपाउने भन्न नमिल्ने।

कुनै पनि वित्तीय संस्थाबाट ऋण लिइसकेपछि त्यस्तो ऋण चुक्ता गर्ने विषयमा सम्बन्धित ऋणी व्यक्ति ऋण चुक्ता गर्ने विषयमा स्वयम् नै इमान्दार बन्न जरूरी हुन्छ। कहिलेकहीं अपवादका रूपमा निर्धारित समयभित्र ऋण रकम चुक्ता गर्न नसकिने अवस्था आउन पनि सक्छ। यदि त्यस्तो अवस्था आएमा आफूलाई ऋण दिने संस्थामा गई निर्धारित समयभित्र ऋण रकम तिर्न नसकेको आफ्नो वास्तविक स्थितिको बारेमा कुरा

गरी ऋणप्रदायक संस्थाबाट ऋण चुक्ता गर्न केही समय थप पाउन वा ऋण चुक्ता सम्बन्धमा कुनै किसिमको छुट वा सुविधा प्राप्त गर्न सकिने रहेछ भने त्यस्तो सुविधा पाउनको लागि ऋणीबाट समयमै प्रयत्न भएको हुनुपर्ने हुन्छ । अचल धितो राखी ऋण लिइसकेपछि ऋण चुक्ताको सर्त कबुलियतप्रति बेवास्ता गरी बस्ने अनि धितो राखेको सम्पत्ति लिलाम भयो भनेर आपत्ति गर्दै जाने कुरालाई प्रोत्साहन गर्दै जाने हो भने वित्तीय संस्थाहरूको कर्जा प्रक्रिया नै जोखिममा पर्नजानेतर्फ पनि विचार पुर्‍याउनुपर्ने ।

निवेदकको जग्गा लिलाम भइसकेको भए पनि सकार गर्नेले तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम तिरी पनि नसकेको र यी पुनरावेदक रिट निवेदकले आफूलाई मर्का परेको विषयमा निवेदन दिएको कारणले गर्दा निजको मर्काप्रति सहानुभूति राखी विपक्षी सहकारी वित्तीय संस्था लि.ले लिलामी कार्य स्थगित गरी लिलाम बिक्री गरिएको जग्गा निवेदक वा सकार गर्नेमध्ये कसलाई दिने भनेर निर्णय गर्न लागेको र त्यस्तो निर्णय गरी नसकी बाँकी रहेको देखिन आएबाट निवेदकको मागलाई वित्तीय संस्थाले सम्बोधन नै गर्न नखोजेको भन्न नमिल्ने ।

रिट निवेदकले तिर्नुपर्ने ऋण समयमा नतिरेको कारण निजले राखेको धितोबापतको जग्गा लिलाम गरेर पनि निजलाई मर्का परेको महसुस गरी त्यस्तो मर्कालाई कसरी सम्बोधन गर्ने भनेर आफूले गरिसकेको लिलामको सम्पन्न गर्न बाँकी रहेको कार्यसमेतलाई रोकेर निवेदकको हक हितमा नै निर्णय गर्न लागेको अवस्थाबाट रिट निवेदकको कुनै साम्पत्तिक तथा नागरिक हकमा आघात परेको अवस्था नदेखिएबाट रिट निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, नेपालगन्जको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

सहकारी वित्तीय विकास संस्था लि. प्रधान कार्यलय, नेपालगन्जले मिति २०६८।१।९ मा लिलाम बढाबढ स्थगित गर्ने निर्णय गरी सम्पूर्ण लिलामसम्बन्धी काम कारवाहीहरू विचाराधीन रही यथास्थितिमा रहेको र सोसम्बन्धी गर्नुपर्ने कार्यहरू सो संस्थाबाट हुने नै हुँदा निवेदकको मागबमोजिमको आदेशहरू जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा मागबमोजिमको आदेश जारी गर्नु नपरी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।१०।२५ को आदेश मिलेकै हुँदा सदर हुने ठहर्छ । रिट निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-००६८, उत्प्रेषण/परमादेश, *जाकरा सरूर वि. चक्रबहादुर रोका क्षेत्रीसमेत*

पञ्चकृते मूल्य कायम भएको सम्बन्धमा पुनरावेदन जिकिरमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५) मा उल्लेख भएको आधारहरू अवलम्बन नगरी मूल्य कायम भएको भने तापनि कुन आधारलाई अवलम्बन नगर्दा मूल्य घटी हुन गएको भनी वस्तुनिष्ठ आधारमा आफ्नो जिकिर राख्न सकेको पाइँदैन । वस्तुत: रिट क्षेत्राधिकारअन्तर्गत हेरिने विषयमा निवेदनमा उठाइएको प्रश्नहरूमा अदालतबाट सामान्यत: सबुद् प्रमाण सङ्कलन गर्ने कार्य हुँदैन । दावी गर्ने पक्षले दावी पुष्टि हुनेसम्मको सबुद् प्रमाण र त्यसको विश्लेषण वस्तुनिष्ठ आधारमा गर्नुपर्ने हुन्छ । प्रस्तुत विषयमा तायदाती मुचुल्काको तुलनामा पञ्चकृते मूल्य कायम भएको कुरालाई त्यो यति आधारमा कम हुने होइन भनी उल्लेख नगरेकाले अदालतबाट कायम गरेको मूल्यलाई बिनाआधार रीत नपुर्‍याई गरेको मान्न नमिल्ने ।

जहाँसम्म जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(७) को खण्ड ७(क) बमोजिम लिलाम हुँदा अन्तिम बोलवालाले बोल अङ्कको दश प्रतिशत रकम तुरून्त बुझाउनुपर्ने उल्लेख भएअनुसार रकम दाखिल भएको छैन भन्ने निवेदन जिकिर छ, सोतर्फ हेर्दा लिलाम भएको मिति २०७०।७।४ कै बोल अङ्कको सुरक्षणबापत दश प्रतिशतसम्म राख्नुपर्ने प्रावधान भएकोमा पूरै रकम दाखिला गरेकोलाई

अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर १५ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०८३०, उत्प्रेषण/परमादेश, *सरिता खड्कासमेत वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

रिट निवेदकहरूलाई वैदेशिक रोजगार विभागमा काजमा पठाइएको नभई सरूवा नै गरिएको भन्ने कुरा मिसिल संलग्न सामान्य प्रशासन मन्त्रालयको निवेदकहरू चारैजनाको सरूवापत्रबाट देखिएको छ । यस्तो अवस्थामा राष्ट्रिय सतर्कता केन्द्रको निर्देशनले काजमा रहेका कर्मचारीको हकमा मात्र निर्देशन दिएको देखिएमा र सो केन्द्रको निर्देशनअनुसार भन्दै सरूवा भई आएका रिट निवेदकहरूलाई पनि काजमा रहेका कर्मचारीसरह व्यवहार गरी काज फिर्ता गर्ने गरी वैदेशिक रोजगार विभागबाट निर्णय गरिएकाले काज फिर्ता गर्ने गरी सो विभागबाट भएको मिति २०६९।१०।२१ को निर्णय र सोही मितिको पत्रसमेतलाई कानूनसम्मतको मान्न नमिल्ने ।

काज र सरूवा एउटै विषय नभई अलगअलग विषय भएका र सरूवा भएका कर्मचारीहरूको कानूनबमोजिम सरूवा हुनेबाहेक काज फिर्ता हुन सक्ने कुरै हुँदैन । रिट निवेदकहरूलाई २ (दुई) वर्षको न्यूनतम अवधि किटान गरी सरूवा गरिएको देखिएको र यसरी सरूवा भएका कर्मचारीहरूलाई सरूवा भएको पदमा कानूनले अन्यथा हुनेदेखिबाहेक सरूवापत्रमा किटान गरिएको अवधिसम्म काम गर्न दिनुपर्ने हुन्छ । कानूनबमोजिमबाहेक सरूवा गर्न र कानूनी आधारबेगर सरूवा भएको स्थानबाट अवधि नपुग्दै पुनः अर्को स्थानमा सरूवा गर्नसमेत कानूनत् नमिल्ने ।

रिट निवेदकहरूलाई काज फिर्ता गर्ने भनी वैदेशिक रोजगार विभागबाट मिति २०६९।१०।२१ गरिएको निर्णय र काज फिर्ता सम्बन्धमा लेखिएका सोही मितिका पत्रहरूसमेत कानूनविपरीतका भई कायम रहनसक्ने प्रकृतिका नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : बाबुराम सुवेदी

कम्प्युटर गर्ने : सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ २० गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०१६६, उत्प्रेषण, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ कमलादी स्थित नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको अख्तियारप्राप्त महाप्रबन्धक केशव दुवाडी वि. श्रम कार्यालय, बागमती अञ्चल, टेकु काठमाडौंसमेत*

अमुक कम्पनी वा प्रतिष्ठानको नाफा निर्धारण गर्दा कम्पनी वा प्रतिष्ठानले प्राप्त गरेको समष्टिगत नाफा त्यसमा पनि खास गरी राजस्व तिर्नुपर्ने रकम र पुँजीगत आयलाई मानिने भए पनि लगानीका कम्पनीहरूमा यसको प्रयोग हुन सक्तैन । कम्पनीको चालु आर्थिक वर्षको अवस्थाबाट यसलाई अलगअलग गर्न पनि नमिल्ने ।

स्वीकार गरिएको नाफाअन्तर्गत व्यवसायबाट प्राप्त नाफा र पुँजीगत व्यापारबाट प्राप्त नाफालाई समावेश गरिए पनि यसलाई सिमान्तकृत नाफा भन्न मिल्दैन । कतिपय अवस्थामा यस्तो प्रकारका नाफालाई पुँजीगतसमेत गर्ने गरिन्छ । सेयर बिक्रीबाट प्राप्त भएको रकम त सेयरधनीको अमुक कम्पनीमा लगानी गरेबापत प्राप्त भएको पूँजीगत रकमको अंश हो । यसलाई प्रथमत: सेयरधनीले वहन गर्नुपर्ने दायित्वको रूपमा र द्वितीयत: कम्पनीले घोषणा गरेको लाभको रकमको हिस्साको रूपमा लिने गरिन्छ । यो केवल रकममात्र नभई लगानीकर्ताका बीचमा भएको सम्झौताबापतको पुँजीगत ब्याजसमेतको अंश हो जसको प्रत्यक्ष लाभग्राही सेयरधनी हुने हो । सेयर लगानी गरेका लगानीकर्ताहरूले नै लाभांश घोषित गरेको अवस्थामा मात्र उक्त सेयरको पुँजीगत अंश परिचालनबापत प्राप्त आयमा लाभान्वित हुने अवस्था रहिरहने ।

विपक्षी निवेदकहरूले अवकाश लिई सकेपछि अवकाशबमोजिम निजहरूले प्राप्त गर्नुपर्ने कुरा प्राप्त भएन भने श्रम अदालत बाहेकको अन्य उपचारको मार्ग खोज्नुपर्ने हुन्छ । सेयर बिक्री गरेबापतको हुने प्राप्त आयको विषयलाई लिएर श्रम ऐन, २०४८ आकर्षित हुन्छ भनी उपचार प्रदान गर्न नमिल्ने ।

निवेदकहरू हाल कामदार वा कर्मचारीको अवस्थामा नरहेको हुनाले समेत प्रस्तुत विवादमा श्रम ऐन, २०४८ आकर्षित नहुने देखिन्छ । मिति २०६६।४।९ र मिति २०६६।११।४ सम्म निवेदकहरूले अवकाश प्राप्त गरेको मिसिल संलग्न कागजातहरूबाट देखिएको छ । यी निवेदकहरूले Golden Handshake अन्तर्गत प्याकेजमा सुविधा प्राप्त गरी अवकाश लिएको देखिन्छ । कम्पनीको कर्मचारी नियमावलीको संशोधनपछि अवकाश पाएका कामदार कर्मचारीको हकमा संशोधनको अधीनमा रहेर मात्रै उत्पादकत्त्व पुरस्कार पाउनसक्ने हुनाले सोको प्रावधान तथा मान्यतालाई अनदेखा गर्न मिल्ने नदेखिने ।

कम्पनीको कर्मचारीसम्बन्धी नियमावली, २०६३ मिति २०६५।१०।५ मा संशोधन हुँदा नियम ४.११ संशोधन भएको र सो संशोधनलाई चुनौती नदिई बदर वातिल नभएको अवस्थामा संशोधन कायम रहने लागू नहुने भन्न नमिल्ने ।

उत्पादकत्त्व पुरस्कारभित्र कस्तो कुरा सिमान्त वृद्धि नाफामा गणना हुन्छ भन्ने कुरा नियम बनाउने अधिकारीले नीतिगत आधारमा निर्णय गर्ने कुरा हो । बीमा व्यवसायबाट प्राप्त आयबाट उत्पादकत्त्व पुरस्कार दिने नीति उक्त नियम ४.११ मा भएको देखिन्छ । कम्पनीको सेयरबाट प्राप्त आयलाई बीमा व्यवसायबाट प्राप्त आय भन्न मिल्ने नदेखिने ।

सेयर भइरहेको पुँजीको अंश हो । सेयरको बिक्रीबाट तथा सेयरबाट नै उत्पादकत्त्व पुरस्कार भनी वितरण गर्न मिल्दैन । सोही कुरा कम्पनीको कर्मचारी नियमावली, २०६३ को नियम ४.११ ले स्पष्ट गरेको देखिन्छ र उक्त कर्मचारी नियमावली, २०६३ को नियम ४.११ को संशोधनको बन्धनकारितामा चुनौती छैन । श्रम ऐन, २०४८ को दफा ८७ को कारणले उक्त ऐनको वैधता छैन भन्ने आधारमा श्रम कार्यालय बागमती अञ्चल, काठमाडौं र सो कार्यालयको निर्णयलाई सदर गरेको विपक्षी श्रम अदालतले उक्त संशोधित नियम ४.११ को व्यवस्थालाई अमान्य गरेको पनि छैन । नियमको कुनै व्यवस्थालाई अमान्य गर्ने गरी श्रम कार्यालय वा श्रम अदालतलाई कुनै अधिकारक्षेत्र प्रदान गरेको देखिएको छैन । उक्त नियम ४.११ को सम्पूर्ण व्यवस्था हालसम्म पनि खारेज भएको अवस्था नभै कायम भएको र कुनै निकायबाट बदर वातिल नभै यथावत् कायम रहेको छ । उक्त व्यवस्थामा संशोधन भएपश्चात् पर्न जाने असरको मात्रै खास समस्या हो । बीमा व्यवसायबाट प्राप्त आम्दानीभित्र कम्पनीको सेयर बिक्रीबाट प्राप्त आय समावेश भएको मान्न नमिल्ने ।

पुँजीगत आयहरूको क्षय नहुने व्यवस्था गर्नको लागि पनि त्यस्तो रकम उत्पादकत्त्व पुरस्कारमा समावेश गर्न उपयुक्त हुँदैन । सेयर त भैरहेको पुँजी हो । सेयरबाट उत्पादकत्त्व पुरस्कार प्राप्त गर्न सकिँदैन भने सेयरको बिक्रीबाट पनि सकिँदैन । यो त सम्पत्तिको रूपान्तरण मात्रै हो । नाफा होइन । यसैगरी अन्य आर्थिक वर्षमा आर्जित आयलाई अर्को आर्थिक वर्षको मुनाफाभित्र समावेश गर्न मिल्ने पनि होइन । मुनाफा सम्बन्धित आर्थिक वर्षमा प्रतिष्ठान वा कम्पनीले गरेको आर्थिक कारोबारबाट प्राप्त नाफामध्येको रकम हुने र त्यस्तो रकम सोही आर्थिक वर्षको मुनाफाको रकममा गणना गरिने हो । अमुक आर्थिक वर्षमा भएको नाफालाई लिएर अनन्तसम्म सो नाफा पनि चलेको आर्थिक वर्षको नाफा नै हो भनी मान्न नमिल्ने ।

विपक्षी श्रम कार्यालय बागमती अञ्चल, काठमाडौंबाट प्रतिष्ठानको आर्थिक वर्ष २०६५।०६६ मा देखिएको रकम रू. ७,६१,०३,८४०।७२ को मुनाफाको २५ प्रतिशतले हुन आउने रकम गंगा श्रेष्ठ मल्लसमेतका १९ जना पूर्वकर्मचारीहरूलाई समेत दामासाहीले कम्पनीको उत्पादकत्त्व पुरस्कार रकम नेपाल इन्स्योरेन्स कम्पनीका व्यवस्थापकले भुक्तानी गर्नुपर्ने गरी श्रम ऐन, २०४८ को दफा ७३(५) अनुसार निर्णय गरिन्छ भनी मिति २०६७।९।१३ मा

गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको श्रम अदालत, काठमाडौंको मिति २०६८।८।१४ को निर्णयमा समेत अधिकारक्षेत्रको त्रुटि भै उक्त निर्णय एवम् निर्णयहरूका आधारमा भएका सम्पूर्ण कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल असार ३ गते रोज ३ शुभम्।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०११०९, बेलगती मोही कट्टा गरी लगती मोही जग्गाधनी स्रेस्ता पुर्जा कायम गरिपाऊँ, *बृक्षदास तत्मा वि. हिरा ठाकुर हजामको मु.स. गर्ने नगेसर ठाकुर*

वादी वृक्षदास तत्माले भूमिसम्बन्धी नियमहरू, २०२१ को अनुसूची ३ बमोजिमको मोहीयानी हकको प्रमाणपत्रको प्रतिलिपि पेस गरी आफू कि.नं. १४७ को जग्गाको मोही भएको भनी जिकिर लिए पनि सोबाहेक अनुसूची ४ नं. बमोजिमको जोताहाको अस्थायी निस्सालगायतका प्रमाण पेस गर्न सकेको पाइँदैन । यसको साथै अनुसूची १ नं. अन्तर्गतको मोहीको लगतसमेतमा यी पुनरावेदकको नाम समावेश भएको प्रमाणसमेत निजले पेस गर्न सकेको देखिँदैन।

विवेचित आधार प्रमाणसमेतबाट मोहीले कानूनबमोजिम बुझाउनुपर्ने कुतबाली प्रत्यर्थी / प्रतिवादीले जग्गाधनीलाई बुझाइरहेको देखिई मोहीयानी हकको प्रमाणपत्र प्राप्त गरी मोहीयानी हक स्थापित भइरहेको अवस्थामा यी पुनरावेदकको विवादास्पद ३ नं. प्रमाणपत्रको आधारमा मात्रै पुनरावेदन जिकिर पुग्न नसक्ने हुँदा पुनरावेदन अदालत, हेटौंडाबाट भूमिसुधार कार्यालय, बाराबाट कि.नं. १४७ को जग्गाको जग्गाधनी स्रेस्ता पुर्जामा उल्लेख भएको हिरा ठाकुर हजामको नाम कट्टा गरी वादी वृक्षदास तत्माको नाम जनाई पाउने ठहर्‍याई भएको फैसला उल्टी गरी प्रतिवादी नगेसरका नाममा मोही जनाई पाउने ठहर्‍याई भएको मिति २०६८।०७।०२ को फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल साउन ३० गते रोज ६ शुभम्।

- यसै प्रकृतिको ०६८-CI-०१११०, अवैधानिक मोही हकको प्रमाणपत्र बदर गरिपाऊँ, *बृक्षदास तत्मा वि. हिरा ठाकुर हजामको मु.स. गर्ने नगेसर ठाकुर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०६१३, उत्प्रेषण/ परमादेश, *बालकृष्ण पौडेल वि. सुर्खेत जिल्ला अदालत, सुर्खेतसमेत*

फैसलाले दिएको लगतको आधारमा क्षतिपूर्ति एवम् किरिया खर्च भराइएको हो, सो लगत नै कायम नरहने ठहरी अन्तिम फैसला भै सकेपछि त्यस्तो लगतको आधारमा सवारी ज्यान मुद्दाका पीडित पक्षलाई क्षतिपूर्ति एवम् किरिया खर्च भराई दिनको लागि गरिएको डाँक लिलाम एवम् सो डाँक लिलामको आधारमा दिइएको चलनपुर्जीलगायत अदालतबाट क्षतिपूर्ति भराई दिने सम्बन्धमा भएका बिगोका काम कारवाहीहरू सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को विपरीत भै प्रारम्भदेखि नै Void-ab-initio रहेको देखिन आएकाले त्यस्तो काम कारवाहीले कानूनी मान्यता प्राप्त गर्नसक्ने नदेखिने।

सवारी ज्यान मुद्दाका प्रतिवादी यी रिट निवेदक बालकृष्ण पौडेलबाट क्षतिपूर्ति र किरिया खर्च भराई दिने सिलसिलामा सुर्खेत जिल्ला अदालतबाट भएको मिति २०६५।९।२१ को डाँक लिलाम एवम् सो डाँक लिलामको आधारमा मिति २०६५।१०।१७ मा दिइएको चलनपुर्जीलगायत सोसम्बन्धी भएको बिगोको सम्पूर्ण काम कारवाही नै कानूनी मान्यता विहीन भै प्रारम्भदेखि नै Void-ab-initio भएको देखिँदा

उत्प्रेषणको आदेशले बदर गरी दिइएको छ । अब लिलाम गरिएको यात्रुबाहक बस जे जस्तो अवस्थामा छ सोही अवस्थामा सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल फागुन २५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०७८१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रकाश चन्दसमेत*

जाहेरी दरखास्तलाई अन्य प्रमाणहरूले समर्थन नगरेसम्म त्यस्तो जाहेरी दरखास्तलाई आफैँमा स्वतन्त्र प्रमाणका रूपमा लिन नसकिने ।

प्रतिवादी नारायण सिंह नायकउपर शङ्कासम्म व्यक्त गरी जाहेरी परेको देखिन्छ भने निजले कसुर अपराध गरेको देख्ने प्रत्यक्ष प्रमाण मिसिल संलग्न देखिँदैन । प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुर अपराधमा पूर्णरूपले इन्कार रही बयान गरेको पाइन्छ । निजको के, कुन कार्य वा संलग्नताबाट मृतकको मृत्यु भएको हो भन्ने ठोस प्रमाणको अभावमा शङ्का र अनुमानको भरमा निजको समेत कसुरमा संलग्नता रहेको भनी कसुरदार ठहराउन मनासिब नदेखिँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

शङ्कासम्म व्यक्त गरी जाहेरी दरखास्त दिइएको आधारमा मात्र अभियोग दावीबमोजिमको अपराध ठहर हुन नसक्ने हुनाले सुरू कञ्चनपुर जिल्ला अदालतबाट प्रतिवादी नारायण सिंह नायकलाई सफाइ दिने र प्रतिवादी प्रकाश चन्दलाई अभियोग माग दावीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको फैसलालाई केही उल्टी गरी प्रतिवादी प्रकाश चन्दको हकमा समेत सफाइ दिने र प्रतिवादी नारायण सिंह नायकको हकमा परेको नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने भनी ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।२।२४ को फैसला मिलेको देखिँदा सदर हुने भई वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल चैत ८ गते रोज १ शुभम् ।

३

**मा. न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०७०-RC-००६७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. घनश्याम घर्तीमगर*

प्रतिवादी र मृतकबीच समयसमयमा झगडा हुने गरेकोमा मिति २०६८।१।५ मा मृतकलाई घरको थाममा बाँधी प्रतिवादीले कुटपीट गरेको कुरा मृतकले आफ्नो दाजु जाहेरवालालाई भनेको एक महिना पनि नपुग्दै मिति २०६८।२।४ गते रातको समयमा घरमा मृतक र प्रतिवादीबाहेक अरू कोही नभएको अवस्थामा मृतकलाई कुटपीट गरी मरणासन्न अवस्थामा पुर्‍याएको र सोही चोट पीडाको कारण मृतकको मृत्यु भएको, मृतकको शरीरमा चोटपटक र नीलडाम रहेको देखिएको, विष सेवनको कारणबाट मृतकको मृत्यु भएको भनी प्रतिवादीले गरेको बयान मृतकको भिसेरा परीक्षण प्रतिवेदनले खण्डित गरिरहेको समेतका मिसिल संलग्न आधार प्रमाणबाट मृतक यामीदेवीको मृत्यु यिनै प्रतिवादीको कर्तव्यबाट भएको देखिएकाले निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला अन्यथा हुनसक्ने अवस्थाको नदेखिने ।

प्रतिवादी घनश्याम घर्ती मगरलाई आरोपित कसुरबाट सफाइ दिने ठहराएको सुरू प्युठान जिल्ला अदालतको मिति २०६८।१२।२६ को फैसला उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुर दाङको मिति २०६९।१२।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-०९६०, अंश दर्ता, *रामानन्द गुप्ता वि. रामबाबुप्रसाद साह कानू*

प्रतिवादी रामानन्द गुप्तासमेतउपर निजका दाजु हरिहरप्रसाद साहले दायर गरेको ०५८ सालको दे.नं. २९५० को अंश मुद्दामा उक्त कि.नं. २५८ को जग्गा बन्डा लाग्ने ठहरी मिति २०५९।११।२६ मा भएको फैसला अन्तिम भै बसेको देखिन्छ । यदि उक्त जग्गा यी प्रतिवादीको निजी आर्जनको भै बन्डा नलाग्नु पर्ने भए सोही बखत पुनरावेदन गरी निजी कायम गराउन सक्नुपर्नेमा सो गरेको समेत देखिएन। यिनै प्रतिवादीका दाजु हरिहरप्रसाद साहले उल्लिखित जग्गाबाट निजको हुने एक भाग बन्डा पाउने ठहरी अन्तिम भैसकेको अवस्थामा समान अवस्थाका अन्य अंशियारलाई सो सम्पत्ति बन्डा नलाग्ने भनी अर्थ गर्न मिल्ने पनि नहुने।

कि.नं. २५८ को जग्गामा बन्डा लाग्ने ठहर गरी भएको पर्सा जिल्ला अदालतको फैसला सो हदसम्म सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको २०६७।२।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-००४५, अंश, *मोहम्मदउमर जोलाहसमेत वि. झिंगुर जोलाहसमेत*

मोहीको हैसियतले बिक्री वितरणबाट प्राप्त उल्लिखित जग्गाहरू निजका भाइहरूलाई बन्डा लाग्ने अवस्थाको देखिन नआउने।

स्व. जुमई जोलाहले आफ्नो निजी प्रयासमा आर्जन गरेको देखिन आएको र यसमा वादीहरू संलग्न रहने भन्ने अवस्था भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ग) बमोजिम नरहने र निज मोही जुमई जोलाहले मोहीयानीबापत प्राप्त जग्गा तत्कालीन भूमिसम्बन्धी नियम २३(१) 'क' बमोजिम निजहरूले समेत पाउने अवस्थाको देखिँदैन । त्यस समयमा बाबु वली महम्मदसमेत जीवितै रहेको अवस्थामा बाबुले मोहीको हैसियतले जीवित हुँदा कुनै दावी नलिएको अवस्थामा निजको छोरा जुमई जोलाहले मोहीको हैसियतले प्राप्त गरेको देखिएकाले उल्लिखित जग्गाहरूलाई निजी आर्जनको मान्नुपर्ने देखिन आउने।

दावीको कि.नं. ३, २६१, २८, १३१, १६१, १८२ र १८३ का जग्गाहरू आफ्नो निजी प्रयासबाट आर्जन गरेको कुरा तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन आएको देखिएकाले उल्लिखित जग्गाहरू निजी आर्जनको भन्ने मान्नुपर्ने हुन्छ । मुलुकी ऐन, अंशबन्डाको १८ नं. बमोजिम कुनै अंशियारले आफ्नो ज्ञान सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अशियारको निजी ठहरी आफूखुस गर्न पाउँछ । बन्डा गर्न कर लाग्दैन भन्ने कानूनी व्यवस्था रहेको हुँदा उल्लिखित कित्ता जग्गाहरू जुमईको निजी आर्जनको भई निजबाट बकसपत्र पाएको जग्गा बन्डा नलाग्ने नै देखिन आउने।

मोहीको हैसियतले बिक्री वितरणबाट प्राप्त गरेको जग्गाहरू प्रतिवादी इब्राहिम जोलाहलाई मिति २०५८।१२।६ मा हालैदेखिको बकसपत्र गरिदिएको जिल्ला बाँके, कटकुईया का कि.नं. ३, २६१, २८, १३१, १६१, १८२ र १८३ को जग्गासमेतमा पुनरावेदक वादीहरूले अंशबन्डा पाउने ठहर्‍याएको सुरू बाँके जिल्ला अदालतको फैसला उल्टी गरी वादीहरूले उल्लिखित जग्गाहरूबाट अंशबन्डा नपाउने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति

२०६७।९।४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-१४३३, अंश दपोट, *धनकला थापा वि. नरीभान थापा*

वादीले दायर गरेको अंश मुद्दामा प्रतिवादीले तायदाती फाँटवारी पेस गर्ने क्रममा सो घर जग्गा उल्लेख नभएपछि सो सम्बन्धमा तत्काल कुनै कारवाही चलाएको देखिँदैन । सो दायित्व निज वादीमा समेत रहनेमा बेवास्ता गरी पछि दपोट गरेको भनी दावी लिएको न्यायको रोह एवम् व्यावहारिक दृष्टिकोणले समेत उचित देखिन आएन । दपोटमा दावी लिँदैमा दपोट ठहर्ने अवस्था हुँदैन, दपोट ठहर्नको लागि अंशबन्डा गर्नुपर्ने पैतृक सम्पत्ति जुन अंशियारको जिम्मामा छ उसले सम्पत्ति दबाउने नियत राखी पैतृक सम्पत्ति तायदाती फाँटवारी पेस गर्ने क्रममा लुकाइ पेस गरेको अवस्थाको रहेछ भनेमात्र त्यस्तो सम्पत्ति दपोटतर्फ कारवाही हुन जान्छ । यसमा त्यस्तो अवस्था नदेखिँदा दपोट गरेको मान्न मिलेन । सगोलको आर्जनको सम्पत्तिमा अरू अंशियारहरूसमेतको अंश हक लाग्ने भएपछि त्यस्तो सम्पत्तिमा जहिलेसुकै पनि हक रहने स्थितिमा फाँटवारीमा उल्लेख नगरेकै कारणबाट अंश हकबाट कोही पनि वञ्चित हुने अवस्था रहँदैन । अरू अंशियारहरूसमेत रहेको अवस्थामा अन्य अंशियारहरूको अंश भाग नलाग्ने गरी मेरोमात्र उल्लिखित घर जग्गा एकलौटी कायम गरी पाउँ भन्ने पुनरावेदकको मागदावी न्यायोचित नहुँदा दावी पुग्नसक्ने देखिन नआउने ।

यिनै वादी प्रतिवादी भई चलेको अंश मुद्दाबाट अन्य अशिंयारहरूसमेत देखिइरहेको अवस्था संलग्न मिसिल प्रमाणबाट पुष्टि भइरहेको हुँदा उल्लिखित घर जग्गामा ३ भागको एक भागमात्र पुनरावेदक वादीले दावीको सम्पत्तिबाट पाउने र त्यही प्राप्त एक भाग सम्पत्तिमा वादीका छोराले अंश भाग पाउने देखिने हुँदा वादीले दावी लिएको कन्चनपुर जिल्ला, महेन्द्रनगर न.पा.वडा नं.७ को कि.नं. ६७५ र १७१६ साविक को कि.नं. १८९ क्षेत्रफल ०–१–० को घर जग्गामा वादीले ३ भागको १ भागमात्र वादीले दावीको सम्पत्तिबाट पाउने र त्यही प्राप्त एक भाग सम्पत्तिमा वादीका छोराको अंश भाग रहने गरी सुरूको फैसला केही उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।१०।९ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०६६३, अंश चलन, *गीता तुम्बापो वि. शर्मीला राई तुम्बापो*

प्रतिवादी सुरेश तुम्बापोको सम्पूर्ण सम्पत्तिलाई ४ भाग गरी ४ भागको एक भाग वादी शर्मीला तुम्बापोले पाउने ठहरी मिति २०६३।६।२४ मा सुरू सुनसरी जिल्ला अदालतबाट फैसला भएर उक्त फैसलाउपर पुनरावेदन नपरी अन्तिम भएर रहेको अवस्थामा उक्त फैसलालाई अनदेखा गरी शर्मीलाको अघि चलेको मुद्दाबाट प्राप्त गरेको कायमी हक भागलाई एक पटक फैसलाबाट कायम भएपश्चात् पुनः सो भागसमेतलाई ७ भाग लगाई ७ भागको एक भाग गीता तुम्बापोको हुने ठहरेको सुरू सुनसरी जिल्ला अदालतको फैसलाले भइरहेको पूर्ववत् फैसलालाई बिनाउजुरी बदर गरेको देखिँदा फैसलाको अन्तिमताको (Finality of the Judgment) सिद्धान्तविपरीत हुन गएको देखिने ।

यससम्बन्धी कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, अंशबन्डाको महलको ११ नं. अनुसार "अंश लिई बेग्लै भएपछि आफ्नो र कोही स्वास्नी छोराको अंशसमेत मिसाई सँग राखेको रहेछ भने पछि अरू स्वास्नी ल्यायो वा छोराछोरी जन्मे भने सँग बसेकाहरूको अंश

जीउनी जम्मा गरी सँग बसेको र पछि ल्याए जन्मेका स्वास्नी छोराछोरीलाई ऐनबमोजिम अंश गरिदिनुपर्छ । आफ्नो अंश लिई बेग्लै भएपछि अर्को स्वास्नी ल्यायो वा छोराछोरी जन्मे भने पछि ल्याए जन्मेकाले लोग्ने वा बाबुको अंश र जीउनी सबै खान पाउँछ । पछि ल्याएकाले अंश लिई पर सरेकोसँग अंशमा दैया गर्न पाउँदैनन्" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार अघि नै अदालतको अन्तिम फैसलाले अंश बन्डा भई भिन्न रहेकी प्रतिवादी शर्मीला तुम्बापोको अंशमा यी पुनरावेदक वादी गीताले दावी गर्न पाउने नदेखिने।

अत: माथि उल्लिखित व्यवस्था, प्रतिपादित सिद्धान्त, तथ्य एवम् विवेचनासमेतका आधारमा सुरू सुनसरी जिल्ला अदालतले ७ अंशियार कायम गरी ७ भागको १ भाग अंश पाउने ठहर्‍याएको फैसला केही उल्टी भै मुलुकी ऐन, अंशबन्डाको ११ नं. बमोजिम पुनरावेदक वादी गीताले सुरेश र कौशिलासँगबाट मात्र अंश पाउने ठहरी तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई ४ भाग लगाई त्यसमध्येबाट शर्मीला तुम्बापोको १ भाग पर सारी बाँकी ३ भागलाई ६ भाग लगाई सोको १ भाग वादीले बन्डा छुट्ट्याई लिन पाउने ठहरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६८-CI-०६६०, अंश चलन, *निर्मला तुम्बापो वि. सुरेश तुम्बापोसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०५६१, परमादेश, *धोजे भन्ने ध्वज धामी वि. जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरसमेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लिखित कुनै अपराधको सम्बन्धमा प्रहरी कार्यालयमा जाहेरी दर्ता भएपछि सोको अनुसन्धान सुरू गर्नुभन्दा पहिले सम्बन्धित सरकारी वकिल कार्यालयमा के कुन कुरामा तहकिकात गर्नुपर्ने हो खुलाई प्रारम्भिक प्रतिवेदन पठाउनुपर्ने भनी कानूनले बाध्यात्मक व्यवस्था गरेको छ र प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ भनी सरकारी वकिललाई निर्देशन दिने कार्यको लागि कर्तव्य नतोकी सक्नेछ भनेर स्वविवेकीय अधिकार दिएको देखिने।

अपराध अनुसन्धानमा सरकारी वकिलको निर्देशनबाट अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतसमक्ष आइपरेका कानूनी तथा प्रक्रियागत बाधा अड्चनलाई फुकाई अनुसन्धानलाई विधि र प्रक्रियाअनुसार सम्पन्न गराई अपराधीलाई कानूनबमोजिम दण्ड र पीडितलाई न्याय दिलाउने र कानूनी शासनको सिद्धान्तलाई व्यावहारिकरूपमा कार्यान्वयनमा ल्याउने नै विधायिकी मनसाय देखिने।

कुनै अपराधमा जाहेरी दरखास्त दर्ता भई अनुसन्धानको कारवाही शीघ्र र प्रभावकारी ढङ्गबाट अगाडि बढाई पीडितको छिटो छरितो र प्रभावकारी रूपमा उपचार पाउने स्थापित हकलाई कुण्ठित भएको कुरा प्रत्यर्थीहरूको कार्यबाट देखिन आयो । सफल, स्वच्छ र वैध अनुसन्धान गर्नु र न्यायको अन्तिम विन्दुमा पुर्‍याउनु कानून कार्यान्वयन गर्ने निकायका आधारभूत दायित्वहरू हुन्। यो दायित्वलाई निस्क्रिय तथा निष्प्रभावी हुने गरी विपक्षी जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालय कञ्चनपुरबाट भए गरेका कार्यलाई कानूनअनुकूल नै रहेको भनी परमादेशको आदेश जारी गर्न नमिल्ने भनी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६६।०५।०७ मा भएको आदेश मिलेको नदेखिँदा उल्टी हुने ।

निवेदकले जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा मिति २०६४।०५।२४ मा अपराधको सम्बन्धमा दिएको जाहेरी दरखास्त दर्ता भएपछि

मुद्दा दर्ता भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, कञ्चनपुरलाई मिति २०६४।०५।२५ मा प्रारम्भिक प्रतिवेदन पठाएकोबाट देखिन्छ । उक्त जानकारीपश्चात् अभियुक्तहरूलाई पक्राउ गरी बाँकी अनुसन्धान तहकिकात गरी मुद्दा चलाउनुपर्नेमा सो नगरी मुद्दा चलाउने कार्यमा विलम्ब गरेको अवस्था देखिने।

परमादेश कुनै पनि संवैधानिक वा कानूनी निकाय वा अधिकारीले संविधान र कानूनद्वारा तोकिएको सार्वजनिक कर्तव्य पूरा गर्न इन्कार गरेमा त्यस्तो कर्तव्य पूरा गराउन जारी गरिने आदेश हो। राज्यका कुनै पनि निकाय वा अधिकारीको कार्य वा अकार्यबाट (Commission or Omission) कुनै पनि व्यक्तिको न्याय प्राप्त गर्ने मार्ग अवरूद्ध हुन्छ भने अधिकारको संरक्षकको हैसियतले त्यस्तो अवरूद्ध मार्ग प्रशस्त गर्नु अदालतको दायित्व हुने।

प्रस्तुत मुद्दामा जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरबाट मुद्दाको सूचना जिल्ला सरकारी वकिल कार्यालयलाई दिएपछि लिखित जवाफको मिति २०६७।१२।२८ सम्म कुनै पनि कारवाही गरेको नदेखिएकाले कानूनद्वारा तोकिएको आफ्नो कर्तव्य पूरा गरेको अवस्था नहुँदा यस सम्बन्धमा महान्यायाधिवक्ताको ध्यान आकर्षित गराई निवेदकको जाहेरी अनुसारको काम कारवाही तीन महिनाभित्र गर्नु गराउनु भनी जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०८६८, उत्प्रेषण/परमादेश, *देवेन्द्र महतो वि. जिल्ला प्रशासन कार्यालय, सर्लाही मलङ्गवासमेत*

शिक्षा ऐन, २०२८ को दफा १२(५) मा "…. छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ" भन्ने उल्लेख गरेको देखिन्छ । यस्तो कानूनी व्यवस्था भएको अवस्थामा उल्लिखित व्यवस्थापन समितिको निर्वाचन मिति २०६७।९।२३ मा सम्पन्न भएकोमा सोपश्चात् पुनरावेदन अदालतमा रिट निवेदनहरू परी सो निवेदनहरू खारेज भएको अवस्था छ । तत्पश्चात् यी उम्मेदवारहरूको जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा पुनः निवेदन परी मतगणना भई लक्ष्मण महतो विजयी भएको भनी घोषणा गरी विभिन्न कार्यसमेत गरेको भन्ने देखिन आयो । सो निर्वाचन सम्पन्न भएका मितिदेखि हालसम्मको अवधिलाई गणना गर्दा कानूनले तोकेको पदावधि तीन वर्षभन्दा बढी अवधि व्यतीत भई समयावधि समाप्त भइसकेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदनको तथ्यमा प्रवेश गरी उत्प्रेषणयुक्त परमादेशलगायतका आदेश जारी गर्दा निस्प्रयोजनीय हुनेहुँदा सो आदेश जारी गरिरहनु नपर्ने।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक ११ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CI-०५२२, अंश दपोट, *सुदीराम थारू वि. बेझुराम थारूसमेत*

दावीका जग्गाहरू मोही हकका जग्गाहरू भएकोमा विवाद देखिएन । अंशबन्डाको १८ नं. बमोजिम कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहर्छ, बन्डा गर्न कर लाग्दैन भन्ने कानूनी व्यवस्था रहेको छ । अंशबन्डा हुँदाको बखत पाटे थारूको मोहियानी हकको मात्र रहेको जग्गा तत्काल बन्डा हुन सक्ने स्थितिको थिएन । पाटे थारूले अंशबन्डा भइसकेपछि आफ्नो निजी प्रयासमा मोही छोडपत्र गरेबापत दावीका उक्त जग्गाहरू प्राप्त गरेको र पुनरावेदक प्रतिवादी सुदीराम बाबु पाटे थारूसँग एकासगोलमा बसेको हुँदा बाबु परलोक भएपछि सो जग्गामा निज पुनरावेदकको

अंश हक रहेको नै देखिन आउँछ । तर, वादीहरू बाबुसँग पहिले नै अंश लिई छुट्टिसकेको हुँदा बाबुसँग एकासगोलमा बस्ने अरू भएसम्म निजको हक बाबुको नामको सम्पत्तिमा नलाग्ने ।

अंशबन्डा भएपछि मोहियानी हकबाट पछि प्राप्त गरेको उक्त पैतृक सम्पत्तिमा बन्डा लाग्ने पनि हुँदैन । मोहीयानी हकबाट प्राप्त गरिसकेपछि अंशबन्डा भएमात्र बन्डा लाग्ने हुनसक्छ । अंशबन्डा हुँदाको बखत अमुक कि.नं. को जग्गा सगोलको कुनै अंशियारको नाममा दर्ता थियो र त्यो सम्पत्ति दबाई छिपाई यसले लुकायो भन्ने तत्कालको दर्ता देखाई नालिस गरेमा त्यो सम्पत्ति वादीको एकलौटी हुन जाने अवस्था हुन्छ तर प्रस्तुत दपोट मुद्दामा अंश बन्डा हुँदाको बखत अहिलेको विवादको सम्पत्ति कुनै अशियारको नाममा थियो भनी वादीले देखाउन र जिकिर लिन सकेको पनि देखिँदैन । एक पटक अंशबन्डा भई छुट्टिसकेपछि उक्त बन्डापत्रमा नालिस पनि नपरेको अवस्थामा छुट्टि बसेकाको नाममा पछिबाट आएको सम्पत्तिमा अन्य छुट्टिसकेकाले अंश हक प्राप्त गर्न नसक्ने ।

अंशबन्डा भई छुट्टिसकेपछि मोहियानी हकबाट प्राप्त जग्गामा एकासगोल बस्ने छोराको हक हुने छुट्टिसकेको छोराको हक नहुने हुँदा फिरादी र प्रतिवादीसमेतको अंश हक लाग्ने ठहर गरेको सुरू दाङ जिल्ला अदालतको मिति २०६६।१२।२९ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६८।१०।८ को फैसला उल्टी भई दावीका जग्गाहरू बन्डा नलाग्ने तथा दपोटमा वादी दावी नपुग्ने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल पुस २५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WH-००३९, बन्दीप्रत्यक्षीकरण, *मो. अजिज खाँ वि. जिल्ला प्रहरी कार्यालय, सर्लाहीसमेत*

२०४३ सालमा जीउ मास्ने बेच्ने मुद्दाको जाहेरी दरखास्त परी २०४४।९।१२ मा पहिलो पटक अर्का प्रतिवादीको हकमा फैसला भई निवेदकको हकमा मुलतबिमा रही पुन: २०५५।३।२२ मा निवेदकको हकमा मुद्दा मुलतबिबाट जागी फैसला भएपछिमात्र निवेदकले नागरिकताको प्रमाणपत्र लिई सो आधारमा आफू फैसलामा उल्लिखित अजीज खाँ पैठान होइन भनेको देखिन्छ । तर फैसलापछि बनेको उक्त प्रमाणलाई यस अदालतले आँखा चिम्लेर प्रमाणयोग्य मान्नसक्ने अवस्था हुँदैन । तिनै तर्कहरू निवेदकले पेस गर्नुभएको मतदाता परिचयपत्र, जग्गाधनी दर्ता प्रमाणपुर्जा, गा.वि.स. को सिफारिसलगायतको हकमा पनि लागू हुने हुँदा ती प्रमाणहरूलाई पनि निवेदकको हकमा विश्वस्त प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने ।

निवेदकले अरू केही नभए पनि कमसेकम निवेदक जन्मेदेखि नागरिकता प्रमाणपत्र लिनुभन्दा अघिको मितिसम्म अझ भन्ने हो भने मुद्दा दायर हुँदाको मितिअघिसम्म आफू बसेको घरधुरीको प्रमाणपत्र निवेदकसँग हुन नसक्नु बिडम्बनापूर्ण देखिन्छ । त्यसैगरी निवेदकले २०५७।१०।२९ मा पाएको मतदाता परिचयपत्रभन्दा पहिले आफ्नो मतदान गर्ने हकलाई के कसरी प्रयोग गर्नुभयो त्यसतर्फ पनि निवेदकको आउनुपर्ने मनासिब भनाई आउन सकेको नदेखिने ।

यी निवेदक नै उल्लिखित जिउ मास्ने बेच्ने मुद्दामा २० वर्ष कैद र रू.१,०००।– जरिवाना भएका प्रतिवादी अजीज खाँ पैठान हुन् भन्ने कुरालाई फैसला कार्यान्वयन गर्ने निकायले सन्तोषजनक प्रमाण (satisfactory evidence) पेस गरी आफ्नो दायित्वलाई पूरा गरेको पाइन्छ । फैसला कार्यान्वयनको कुरामा निर्विवाद शङ्कारहित प्रमाणको मापदण्ड ग्रहण गर्न सकिँदैन । कार्यान्वयनकर्ताबाट प्रस्तुत सन्तोषजनक प्रमाणलाई खण्डन हुने गरी प्रतिप्रमाण पुर्‍याउने भार (reverse burden of proof) निवेदकउपर रहेकोमा आफ्नो सनाखत गरिपाउँ भनेर निवेदकले माग गर्ने साहससम्म पनि गर्न नसकी उल्लिखित प्रारम्भिक प्रमाण खण्डन हुने गरी

निवेदकबाट ठोस प्रमाण प्रस्तुत हुन सकेको नपाइने।

निवेदकका यावत प्रमाण उल्लिखित फैसला र निजको जीवनको आधा कालखण्ड व्यतीत भएपछि निर्माण भएको देखिन्छन् । ती प्रमाणहरूले निवेदक जन्मेदेखि उल्लिखित प्रमाण बनेको बीचको कालखण्डलाई पूरै लोप गरिदिएको अवस्था छ । कुनै पनि व्यक्तिको जीवनबाट उसको भूतकाललाई छुट्ट्याएर हेर्न मिल्दैन । उल्लिखित फैसलाभन्दा पहिलेको निवेदकको जीवनकाललाई निवेदकले किन देखाउन नसकी लोप गर्दै हुनुहुन्छ। यो निवेदकले जान्ने कुरा हो। तर निवेदकले सो कालखण्ड लोप गरेबाट निवेदकले सर्लाही जिल्ला अदालतको फैसलाबाट ठहरेको कैद र जरिवानाबाट बच्नको लागि फैसला मितिपछि ती प्रमाणहरू सिर्जना गरेको भन्ने फैसला कार्यान्वयनकर्ताको लिखित जवाफ खम्बिर हुने।

निवेदकलाई लागेको कैद सजायसमेत असुल गर्न सर्लाही जिल्ला अदालतबाट थुनुवापुर्जी दिई निवेदकलाई थुनामा राख्न पठाएको कार्य कानूनप्रतिकूल नदेखिँदा रिट निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल माघ २२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७१-WH-००५०, बन्दीप्रत्यक्षीकरण, *प्रमीला काफ्ले बास्कोटा वि. जिल्ला सरकारी वकिल कार्यालय, मकवानपुर, हेटौंडासमेत*

रिट निवेदिका प्रमिला काफ्ले बास्कोटाउपर मकवानपुर जिल्ला अदालतमा दायर भएको ठगी मुद्दामा जारी भै मिति २०६६।८।२५ मा तामेल भएको निजका नामको म्याद बेरीतको देखिई निजले उक्त मुद्दामा प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौका पाएको नदेखिँदा सुरू मकवानपुर जिल्ला अदालतबाट निजका नाममा जारी भै बेरीतपूर्ण तरिकाले मिति २०६६।८।२५ मा तामेली भएको उक्त म्याद, सो म्यादका आधारमा निजलाई फरारी देखाई मकवानपुर जिल्ला अदालतबाट मिति २०६७।१२।२३ मा भएको फैसला, सो फैसलाका आधारमा उक्त अदालतको तहसिल शाखाबाट च.नं. ५ मिति २०७१।८।२३ मा जारी भएको कैदी पुर्जीसमेतका कार्य निवेदिकाको हकमा सम्म कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

यी निवेदिका प्रतिवादी प्रमीला काफ्ले बास्कोटालाई यथाशीघ्र निज थुनामा रहेको कारागार कार्यालय, चितवनबाट मकवानपुर जिल्ला अदालतमा उल्लिखित ठगी मुद्दामा बयान गर्न उपस्थित गराई बयानपश्चात सो मुद्दामा हुने आदेशानुसार गर्नु भनी विपक्षी मकवानपुर जिल्ला अदालतका नाममा र रिट निवेदिकालाई उक्त अदालतमा बयानका लागि उपस्थित गराई दिनु भनी विपक्षी कारागार कार्यालय, चितवनका नाममा यो परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल फागुन १७ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** मुद्दा नं. ०७०-CI-०६९३, नामसारी निर्णय दर्ता बदर दर्ता, *कारीदेवी यादवसमेत वि. पाण्डवप्रसाद यादवसमेत*

२०५८ सालमै प्रतिवादी पाण्डवप्रसाद यालनले उक्त कि.नं. ४२० को जग्गामा पर्खाल लगाई भोग गरेको कुरा स्थापित भइरहेकोमा मिति २०६२।१०।२७ मा मात्र थाहा पाई ज.प. को महलको १७ नं. को हदम्यादभित्र भनी फिराद गरेकोमा उक्त नं. मा भएको कानूनी व्यवस्था हेर्दा एकाको हकको जग्गा अर्काले दर्ता गराएकोमा थाहा पाएको मितिले ६ महिनाभित्र नालिस दिनुपर्ने भन्ने उल्लेख भएको र प्रतिवादीले पर्खाल लगाई भोग गरेको कुरा समयमै थाहा पाउन नसकेको विश्वसनीय आधार कारण यी पुनरावेदक वादीले देखाउन सकेको समेत नदेखिँदा

उक्त हदम्यादसम्बन्धी कानूनी व्यवस्थाले निजलाई मद्दत गर्न नसकी यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिइएको आधार कारण र पुनरावेदकतर्फका विद्वान कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

माथि उल्लिखित आधार कारणबाट दावीको कि.नं. ४२० को जग्गाका सम्बन्धमा वादीले लिएको फिराद दावी मुलुकी ऐन, जग्गा पजनीको महलको १७ नं. को हदम्यादभित्रको नदेखिँदा खारेज हुने ठहर्‍याई सुरू सिरहा जिल्ला अदालतबाट मिति २०६४।९।२५ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।५।७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल फागुन १८ गते रोज २ शुभम्।

- यसै लगाउको मुद्दा नं. ०७०-CR-०९७३, जालसाज, *कारीदेवी यादवसमेत वि. पाण्डवप्रसाद यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०१५९, ०४७४ कर्तव्य ज्यान, *सीताराम यादव वि. नेपाल सरकार*

प्रतिवादी सीताराम यादवले तत्काल उठेको रिसको कारण मृतकसँगै रहेको हँसिया खोसी लिई मृतक श्रीमती अमलादेवीलाई कुटपीट गरी हात भाँची हँसियाले पटकपटक प्रहार गरेको र सोही चोटबाट मृतकको मृत्यु भएको पाइयो। यसरी हात, खुट्टा भाँची हँसियाले च्यापु, कान र निधार जस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार गर्दा पीडितको ज्यान जानसक्छ भनी जुलुमीले सहजरूपमा पूर्व अनुमान गर्नसक्ने हुन्छ । तसर्थ यहाँ प्रतिवादी कर्तव्यमा दुराशय (Malice) को तत्त्व रहेको पनि देखिएको छ । प्रतिवादीको यस प्रकारको कार्य भवितव्य अपराधअन्तर्गत पर्न नआउने।

प्रतिवादीको बयान तथा सङ्कलित अन्य सबुद् प्रमाणबाट मृतकलाई मार्नुपर्ने पूर्व रिसइबि नदेखिए तापनि उखुका पातमा आगो लगाएको स्वयम् मृतकले झर्की अपशब्द प्रयोग गरेकाले प्रतिवादीले मृतकसँगै भएको धारिलो हतियार हँसिया खोसी सोही हँसिया मृतकमाथि प्रहार गरेको मिसिलबाट देखिएको अवस्थामा प्रतिवादीको यस प्रकारको कानूनप्रतिकूलको कार्य भवितव्य ज्यानअन्तर्गत पर्न आउँछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर कानूनसम्मत देखिन नआउँदा सुरू सिरहा जिल्ला अदालतले पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर्‍याएको फैसला उल्टी गरी सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल कात्तिक २६ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-११५०, लागुऔषध, *नेपाल सरकार वि. ओङ्गेन लामासमेत*

प्रतिवादीलाई पटकमा सजाय गर्न त्यस्तो अपराध भै अदालतबाट सजाय पाइसकेको हुनुपर्ने अनिवार्य सर्त रहेको देखिन्छ। एकै व्यक्तिउपर फरक वारदातमा एकै अदालतमा फरकफरक अभियोग दायर भई एकैदिन फैसला भएको अवस्थामा कुन वारदातको अभियोगमा पटक कायम गर्ने हो भन्ने कुरा कानूनले स्पष्ट गर्न सकेको पनि पाइँदैन भने सबै वारदातको कसुरमा सजाय थप गरी सजाय गर्न पनि मिल्ने देखिँदैन । यसरी कानूनले सजाय पाइसकेको भनी स्पष्ट व्यवस्था गरेकोमा प्रतिवादीको सुविधामा असर पुग्ने गरी अदालतले अन्यथा अर्थ गरी सजाय गर्न पनि

मिल्ने पनि नहुने।

प्रतिवादीहरूउपर अभियोग दायर हुँदा र दायर भएको अभियोगबमोजिम सुरू फैसला हुँदाका अवस्थासम्म प्रतिवादीहरूका यस्तै अन्य अपराधमा कसुर ठहर भै सजाय पाएको भन्ने पनि देखिँदैन । लागुऔषधसम्बन्धी कसुर सजायको व्यवस्था गर्ने उक्त ऐनले अपराधको पटक र सजाय कायम गर्नेसम्बन्धमा त्यस्तो पटक कायम गरी सजाय गर्न एकपटक उक्त ऐनअन्तर्गतको अपराधमा सजाय पाइसकेको भन्ने स्पष्ट कानूनी व्यवस्था गरिरहेकोमा यी प्रतिवादीहरूलाई भिन्नभिन्न वारदातमा भिन्नभिन्न सजायको माग दावी लिई अभियोग दायर भै सबै अभियोगमा एकैपटक फैसला भएकै आधारमा पटक कायम गरी सजाय गर्न मिल्ने नदेखिने।

यी प्रतिवादीमध्ये ओङ्गेन लामाबाट मिति २०६२।७।७ मा निजको घर डेरा खानतलासी गर्दा ६ के.जी. लागुऔषध चरेस बरामद भएको भन्ने आधारमा र प्रतिवादी गंगा तामाङलाई मिति २०६०।८।१३ मा निजसमेतबाट ११ के.जी. चरेस बरामद भएको र यसै मुद्दाका प्रतिवादी ओङ्गेन लामाले पोल गरेको आधारमा छुट्टाछुट्टै मुद्दा दायर भएको भै वारदात मिति फरक भएको आधारमा कसुरको पटक कायम हुनुपर्छ भन्ने वादी पक्षको जिकिर भए पनि लागुऔषध नियन्त्रण गर्नेसम्बन्धमा बनेको विशेष ऐनले नै खत पटक कायम गर्ने सम्बन्धमा विशेष व्यवस्था गरी अदालतबाट कसुरदार ठहर भै सजाय भैसकेको हुनुपर्ने भन्ने बाध्यात्मक कानूनी व्यवस्था गरेको हुँदा अभियोग दावीअनुसार फरकफरक वारदातबाट फरकफरक अभियोग दायर भएकै आधारमा प्रतिवादीहरूउपर दायर भएका २०६३/६४ को स.फौ.नं. १४०७ को लागुऔषध मुद्दा र ०६३/६४ को बा.फौ.नं. १४११ को लागुऔषध मुद्दा साथै प्रस्तुत मुद्दा पनि एकै दिन फैसला भएको आधारमा मात्र प्रस्तुत मुद्दा फैसला हुनुअघि यस्तै कसुरमा सजाय नपाएका यी प्रतिवादीहरूलाई पटकेमा थप सजाय हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिरसित सहमत हुन नसकिने।

सुरू अदालतले लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क) को कसुरमा सोही ऐनको दफा १४(१)(घ) बमोजिम प्रतिवादीहरूलाई जनही एक वर्ष तीन महिना कैद र पन्ध्र हजार जरिवाना गर्ने गरी गरेको सुरूको फैसला सदर गरी बरामद भएका कचौरासमेत जफत हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।९।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल पुस ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-WO-१३६८, उत्प्रेषण/परमादेश, *नाथुप्रसाद चौधरी वि. राष्ट्रिय सूचना आयोग, काठमाडौं महानगरपालिका ३२ अनामनगर, काठमाडौंसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा २४(क) को उपदफा ६(ग) को प्रतिबन्धात्मक व्यवस्थाले पुनरावलोकन समितिको अङ्क निवेदकलाई प्रदान गर्न नमिल्ने भन्ने व्यवस्था रहेको देखिन्छ । यसरी निजामती सेवा ऐनले पुनरावलोकन समितिले प्रदान गरेको अङ्क के कति रहेछ भनी निवेदकलाई सूचना प्रदान गर्न नमिल्ने गरी बन्देज लगाउनुको उद्देश्य प्रशासनिक अव्यवस्था उत्पन्न नहोस् भनेर नै विधि निर्माणकर्ताले विचार पुर्‍याएको मान्नुपर्ने हुन्छ । जुन व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ को प्रतिबन्धात्मक वाक्यांशसँग मिल्न आएको देखिन्छ । सार्वजनिक निकायका पदाधिकारीहरूलाई नागरिकसँग सरोकार रहेको र सार्वजनिक महत्त्वको विषयको सूचना प्रदान गर्नुपर्ने गरी एकातिर दायित्व तोकेको देखिन्छ भने अर्कोतर्फ कानूनले गोप्य राख्नुपर्ने प्रकृतिको सूचनालाई प्रदान गर्न नमिल्ने गरी रोकसमेत लगाएको देखिन आएकाले त्यस्ता सूचनाहरू प्रदान नगरी संरक्षण गर्नुपर्ने कर्तव्यसमेत तोकेको मान्नुपर्ने।

निवेदक नाथुप्रसाद चौधरीलाई निजामती सेवा ऐन, २०४९ को दफा २४(क) ६(ग) को प्रतिबन्धात्मक वाक्यांशले यी निवेदकलाई त्यसको

सूचना दिनुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना गरेको नदेखिँदा त्यसरी सूचना माग्ने कार्यसम्म मिलेको नभए पनि सो सूचना दिनु नपर्ने अवस्था सिर्जना भै निज नाथुप्रसाद चौधरी नोकरीबाट पनि अवकाश भैसकेको देखिन आएकाले प्रस्तुत मुद्दाको औचित्य समाप्त भैसकेको देखिँदा अब मागबमोजिमको आदेश जारी हुने नभै प्रस्तुत रिट निवेदन दावी खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल माघ १८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-००३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दलपते कोलीसमेत*

मृतकलाई लछार पछार गरी करणी गरी घाँटी च्यापी मारेको भन्ने अभियोग दावी भए पनि त्यसरी लछारपछार गरेको चिह्न सङ्केत देखिन नआउनुको साथै मौकामा कागज गर्नेहरूले किटानी साथ भन्न नसकी शङ्कासम्म व्यक्त गरेकाले अभियोग दावी र मौकामा कागज गर्नेहरूको भनाइमा सामन्जस्यता पाइँदैन । अन्य सहायकअभियुक्तहरू (Secondry Offenders) ले पनि अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा आई बयान गर्दासमेत यसैले मारेको भनी पोल गर्न नसक्नुको साथै सबै प्रतिवादीहरू कसुरमा इन्कारी रहेको र प्रतिवादीहरूले मारेको भन्ने किटानी जाहेरी भए पनि त्यस्तो इन्कारीलाई खण्डन गर्न र जाहेरीलाई पुष्टि गर्ने कुनै पनि प्रमाण वादी पक्षबाट पेस हुन नसकेको यस्तो अवस्थाको वारदातमा चश्मदिद सबुद् प्रमाण र प्रतिवादीहरूले मृतकलाई मार्नैपर्नेसम्मको ठोस परिबन्ध नदेखिएको अवस्थामा शङ्काको भरमा कसुर ठहर गर्न मिल्ने नदेखिने ।

वादीवाट मुख्य प्रमाणको रूपमा पेस गरिएको किटानी जाहेरी, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का र पोस्टमार्टम रिपोर्ट (Post Mortem Report) लाई समर्थन हुने अन्य प्रमाणको अभावमा खाली किटानी जाहेरी र पोस्टमार्टम रिपोर्टको आधारमा मात्र यी प्रतिवादीउपरको कसुर स्थापित हुनसक्ने पनि भएन । मूल अभियुक्तहरूकै अभियोग पुष्टि हुन नसकेको अवस्थामा मृतकलाई मार्न सहयोग पुर्‍याउने र अपराध भैसकेपछि अपराध लुकाउने काम गरी अपराध गरेको भनी अन्य अभियुक्तहरू नाथ वि.क., लोगे कोली, नरपते लुहार (वि.क.) प्रजा लुहार (क) समेतउपरको अभियोग दावी पनि पुग्नसक्ने नदेखिएबाट पुनरावेदन जिकिर र यस अदालतबाट निस्सा प्रदान गर्ने गरी भएको मिति २०६७।३।२८ को आदेशसित सहमत हुन नसकिने ।

सबुद् प्रमाणको अभावमा सुरू डोटी जिल्ला अदालतले प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६६।८।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०७१०, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. गुर्दाबहादुर राईसमेत*

जाहेरवालाहरूलाई आतेजाते खर्च भराइ पाउँ भन्ने अभियोगपत्रमा दावीसम्म लिएको तर कसको हकमा कति खर्च भराउने भनी प्रतिवादीले जाहेरवालाहरूबाट रकम बुझी गरिदिएको भरपाइलगायतमा ठोस सबुद् प्रमाणहरूसहित स्पष्ट दावी लिन सकेको देखिएन । यसरी सबुद् प्रमाणसहित दावी नभएकोमा अदालतले अनुमानका अधारमा खर्च भराउन मिल्ने पनि भएन । तसर्थ यस सम्बन्धमा सबुद् प्रमाणको अभावमा आतेजाते खर्च भराउन नमिल्ने गरी भएको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसाला बेमनासिब भन्न मिल्ने नदेखिने ।

यी प्रतिवादीसमेतको मिलोमतोमा जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि विदेश

पठाइदिन्छु भनी रकम लिई थाइल्यान्डको बैङ्ककसम्म पुर्‍याई अलपत्र पारी वैदेशिक रोजगार ऐनविपरीतको कसुर गरेको भन्ने अभियोग दावी रहेको छ । यी प्रतिवादीउपर किटानी जाहेरी भएको भए पनि अदालतमा आई बकपत्र गर्ने जाहेरवालासमेतका व्यक्तिहरूले यी प्रतिवादीले जाहेरवालाहरूसित रकम लिएखाएको भनी भन्न सकेको पाइँदैन भने अन्य सहअभियुक्तहरूले पनि यिनीउपर कुनै पोल उजुर गर्न सकेको पनि पाइँदैन । के कति रकम यी प्रतिवादीले लिएखाएका हुन् त्यस्तो कुनै बिल भरपाई पनि वादीबाट पेस हुन सकेको छैन । यसरी अन्य प्रतिवादीहरूले पोल पनि गर्न नसकेको र यी प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर गरेको पुष्टि हुने अन्य सबुद् प्रमाण पनि पेस हुन नसकी जाहेरीलाई समर्थन हुन नसककेको अवस्थामा खाली जाहेरी परेकै आधारमा अभयोग दावीअनुसारको कसुर यी प्रतिवादीसमेतबाट भएको भनी कसुर ठहर गर्न नमिल्ने ।

यी प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिने ठहर्‍याई र आतेजाते खर्चतर्फको दावी नपुग्ने गरी भएको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।१।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०९८२, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. टीकादेवी गुरूङ*

यी प्रत्यर्थी प्रतिवादी उल्लिखित कम्पनीको मुख्य व्यक्ति नभै सञ्चालक सदस्यको हैसियतले मात्र काम गरेको देखिएको र जाहेरवालाहरूसमेतलाई वैदेशिक रोजगारका लागि विदेश पठाउन श्रम स्वीकृति लिने, रकम लिनेलगायतका कार्यमा प्रत्यक्ष संलग्न भएको अवस्था नदेखिएको एवम् यसै मुद्दाबाट कसुर ठहर भै सजाय पाएका प्रतिवादीहरूले समेत पोल उजुर गर्न नसकेको साथै कसुरमा यिनको संलग्नता खम्बिर हुने सबुद् प्रमाण वादी पक्षबाट पेस भै पुष्टि हुन नसकेको अवस्थामा यी प्रत्यर्थी प्रतिवादीको कसुर ठहर गरी सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसित सहमत हुन सकिएन । तसर्थ सुरू वैदेशिक रोजगार न्यायाधिकरणले अन्य प्रतिवादीको कसुर ठहर गरी यी प्रतिवादी टीकादेवी गुरूङलाई अभियोग दावीबाट सफाइ दिने ठहर्‍याएको मिति २०६९।०८।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-११७६, निषेधाज्ञा, *लक्ष्मी ढकाल वि. श्री उच्चस्तरीय शहिदपार्क एवम् निजामती पार्क निर्माण समिति गोकर्णेश्वरको हाल राष्ट्रिय शहीद तथा शान्ति पार्क (स्मारक) निर्माण कार्यदल सम्पादन कार्य समिति, गोकर्णेश्वर, काठमाडौंसमेत*

यसै विषयमा पहिला पनि निषेधाज्ञाको मुद्दा दायर गरी विपक्षीको भनाइमा सहमत भै पहिला दायर भएको मुद्दामा तारिखै छोडी मुद्दा तामेलीमा गएको अवस्था र पछि सोही विषयमा पुनः निषेधाज्ञाको प्रस्तुत निवेदन दिई विपक्षीहरूको उस्तै लिखित जवाफ भएको अवस्था एवम् निवेदकले पर्खाल भत्काई निजको जग्गा च्यापी बाटो बढाउन लागेको भने पनि साविकदेखि नै निवेदकसमेतले बाटोको लागि छोडेको जग्गामा बाटो बढाउन लागेको भन्ने विपक्षीको लिखित जवाफबाट देखिएको अवस्थामा निवेदन दावीबमोजिम निवेदकको जग्गा यी प्रत्यर्थीहरूले मिची सडक ढल निर्माण गर्ने ड्रेन बनाउने पिच गर्नेसमेतका कार्यहरू गर्ने आशङ्काको स्थिति नभै यी निवेदक पुनरावेदकको निवेदन खारेज हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको

मिति २०६९।६।४ को फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर: सन्जय घिमिरे

इति संवत् २०७१ साल असोज ५ गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६८-CI-०१३८, छुट जग्गा दर्ता, *सीताराम बर्मा वि. मीनादेवी सिंह*

एउटै जग्गाउपर दुबैपक्षबाट दावी पर्न आएपछि कसको हक कायम हुनसक्ने हो सो कायम गराई ल्याउन निर्णयार्थ प्रस्तुत मुद्दा जिल्ला अदालतमा पठाइदिनुपर्नेमा मालपोत कार्यालय, सप्तरीले सुरूमा निवेदन गर्ने सीताराम बर्माको नाममा दर्ता गरिदिने गरी मिति २०६६।५।१७ मा निर्णय गरेको देखियो। यस्तो दोहोरो निवेदन हकदावी परी तेरोमेरो प्रश्न शृङ्खला भएको अवस्थामा विद्यमान ऐनको व्यवस्था हेर्दा मालपोत ऐन, २०३४ को दफा ३१ को प्रतिबन्धात्मक वाक्याँशमा "... दफा ७ बमोजिम मालपोत कार्यालयको हक बेहकसम्बन्धी प्रश्न उठाई अदालतबाट निर्णय गर्नुपर्ने गरी गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छैन" भन्ने व्यवस्था रहेको देखिन्छ। जसअनुसार त्यसरी हकबेहकको स्थिति सिर्जना भएपछि विवादित जग्गाउपर पक्षहरूलाई आफ्नो हक पुग्ने नपुग्ने विषयमा टुङ्गो लगाई ल्याउन सम्बन्धित जिल्ला अदालतमा नै पठाउनुपर्ने।

प्रस्तुत मुद्दामा पक्षहरूले दोहोरो हकदावी गरिरहेको स्थिति हुँदाहुँदै मालपोत कार्यालय, सप्तरीले पुनरावेदक वादीको नाममा दर्ता गर्नेगरी मिति २०६६।५।१७ मा गरेको निर्णय बदर गरी हक बेहक सम्बन्धमा निर्णय गरी ल्याउन सप्तरी जिल्ला अदालतमा पठाइदिने ठहऱ्याई पुनरावेदन अदालत, राजविराज, सप्तरीले मिति २०६७।४।२४ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६७-CR-०९०१, लागुऔषध, (ब्राउन सुगर) *नेपाल सरकार वि. सुस्मा गुरूङ*

प्रतिवादी सुस्मा गुरूङ्ले लागुऔषध केवल सेवनसम्ममात्र गर्ने गरेको नभएर बिक्री वितरणसमेतको क्रियाकलापमा संलग्न रहेको भन्ने देखिन आउँछ। यस स्थितिमा प्रतिवादीको अदालतसमक्ष भएको इन्कारी केवल इन्कारीको लागि मात्र भएको हुनुहुँदैन सो तथ्यपरक ढङ्गले समर्थितसमेत भएको हुनुपर्दछ। अन्य तथ्ययुक्त सबुद् प्रमाणले पुष्टि गर्न नसकेको स्थितिमा त्यस्तो इन्कारीलाई प्रमाणग्राह्य मान्न मिल्ने नदेखिने।

विपक्षी प्रतिवादी सुस्मा गुरूङले बिक्री वितरणसमेतको कार्य गरेको देखिँदा निजलाई १ वर्ष मात्र कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू कास्की जिल्ला अदालतबाट विपक्षी प्रतिवादीलाई लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) को ६(१) बमोजिम ५ वर्ष कैद र रू. ५ हजार जरिवानासमेत हुने ठहऱ्याएको फैसला मनासिब हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६७-CI-१६५९, निषेधाज्ञा, *पिताम्बर पडित कुम्हारसमेत वि. शिवनाथ पडित कुम्हारसमेत*

पुनरावेदकहरूले सुरूमा लिखित जवाफ फिराउँदा विवादित जग्गामा आफ्नो भोग रहेको छ भने तापनि लिखित प्रमाणद्वारा हकभोग स्थापित गर्न सकेको नदेखिएको र विवादको विषय उक्त कि.नं. ७२

को जग्गा खरिद बिक्रीको विषय भएको देखिएको यस्तो स्थितिमा निवेदकहरूले निवेदनमा उल्लेख गरेको व्यहोरा फरेबपूर्ण छ भनी अर्थ गर्न नमिल्ने।

निवेदकहरूको निर्विवाद हक भोगको जग्गाको विषयलाई लिएर प्रत्यर्थी निवेदकहरूको हक अधिकारलाई प्रतिकूल असर पार्नसक्ने आशङ्का कायमै रहेको अवस्था देखिँदा उल्लिखित आधारसमेत लिई निवेदकहरूका स्व. पिताको नाउँ दर्ताको कि.नं. ७२ को जग्गामा निवेदकको जोत भोग कब्जामा कुनै किसिमले हस्तक्षेप नगर्नु नगराउनु भनी यी पुनरावेदकहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६७।८।२९ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल.,** ०६८-CI-०३१७, सार्वजनिक इनारको जग्गा खिचोला घर, नाद खुट्टा हटाई निकास बाटो खुलाई चलन, *रामआशिष पडित कुम्हार वि. अमिचन साह तेली*

कि.नं. ३० को जग्गामा सार्वजनिक इनार भएको कुरामा समेत विवाद रहेको देखिएन । अदालतबाट मिति २०६५।४।१८ मा भई आएको मिसिल संलग्न नक्सा कुण्डली हेर्दा कि.नं. ३० अन्तर्गतको नं.नं. १२, १३, १४ र १५ मा झगडा जनिएको तथा न.नं. १७ मा झगडा जनिए पनि सोतर्फ दावी रहेको नदेखिएको र विवादित जग्गामध्ये न.नं.१२,१३,१४ मा नाद खुट्टा गाडेको तथा नादको पानी फोहर फालेको र नं.नं. १५ मा प्रतिवादीको खपडाको घर रहे भएको देखिन्छ । न.नं. १० इनारको जग्गा भएको र नं.नं. ११ इनार भएको देखिएको र उक्त नं. नं. १० र ११ को जग्गाको क्षेत्रफल ०-०-३-३ मात्र रहे भएको देखिएबाट न.नं. १२, १३, १४, १५ मा प्रतिवादीले खिचोला गरेको भन्ने कुराको विवादित विषय खुट्ट्याउन सुरूबाट भएको मिति २०६५।४।१८ को नाप नक्साबाट नै कि.नं. ३० को जग्गा सार्वजनिक हो भन्ने प्रष्ट देखिएको र उक्त सार्वजनिक इनारको जग्गामा नाद खुट्टा गाडी घरसमेत बनाई यी पुनरावेदक प्रतिवादीले खिचोला गरेको स्पष्ट देखिएको अवस्था हुँदा उक्त जग्गामा प्रतिवादीले गरेको खिचोला मेटाई घर भत्काई सार्वजनिक इनारमा वादीले चलन पाउने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमन कुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०३६०, मोही स्रेस्ता प्रमाणित गरी मोही प्रमाणपत्रको नक्कल पाउँ, *सन्तराम अहिर वि. गङ्गाराम अहिर*

पक्षहरूबीच मोही सम्बन्धमा कुनै विवाद नरहेको विवाद भनेको मोहीले दायित्व पूरा नगरेको भन्नेसम्म रहेकोमा मोही नै नरहेको भनी पुनरावेदन अदालतले तथा दायित्व पूरा नगरेको विषयमा आकर्षित नहुने दफा २६(१)(ग) आकर्षित गरी सुरू भूमिसुधार कार्यालयले गरेको निर्णय त्रुटिपूर्ण दोषयुक्त हुनुका अतिरिक्त त्यसमा गम्भीरताको समेत अभाव देखिने।

रिट निवेदक मोहीले जग्गा नजोती बाँझो राखेको भए तत्सम्बन्धमा सम्बन्धित जिल्ला अदालतमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९(२) को हदम्यादभित्र उजुर गरी लगत कट्टा गराउन सक्नुपर्नेमा सो नगरी दफा २६(१)(ग) र दफा २९(२) लाई मिसामिस गरेको पनि मिलेको देखिँदैन । यस्तो उजुरीको आधारमा दावीको जग्गा मोहीले जोतेको नभै विपक्षी जग्गाधनीले जोतेको कुरा कदापि मान्न सकिँदैन

भन्ने कानून प्रतिपादन गरेकाले उक्त सर्जमिनलाई पुनरावेदक वादी विरूद्ध प्रमाणमा लिन मिल्ने नदेखिने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)(ग) को २५ दिनको म्यादभित्रसमेत प्रत्यर्थी जग्गाधनीले उजुर गर्न नसकेको अवस्थामा मोही लगत कट्टा गर्न नमिल्नेमा मोही लगत कट्टा गरेको सुरू फैसला यसै लगाउको मुद्दामा यस इजलासले आजै उल्टी गरी फैसला गरेको समेतबाट वादी दावी पुग्न नसक्ने ठहर्‍याएको सुरू भूमिसुधार कार्यालय, बाँकेको मिति २०६२।२।२९ को फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।१२।१६ को फैसला नमिलेकाले उल्टी भै वादीको मागबमोजिम दावीको कि.नं. २४८ को जग्गाको मोहियानी प्रमाणपत्रको नक्कल दिई स्रेस्ता प्रमाणित गरिदिनु पर्नेसमेत ठहर्ने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल कात्तिक २१ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०३५९, मोही लगत कट्टा, *सन्तराम अहिर वि. गङ्गाराम अहिर*
- ०७०-CI-०३६१, मोही बेदखली, *सन्तराम अहिर वि. गङ्गाराम अहिर*

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-१०६, *कर्तव्य ज्यान, नेपाल सरकार वि. शेखरकुमार थापामगर*

मुलुकी ऐन, दण्ड सजायको महलको ८ नं. ले एकै जनाले धेरै पटक सर्वस्वसहित जन्मकैद वा अरू कुनै सजाय हुने खत गरेको भए पनि कुनै खतमा सर्वस्वसहित जन्मकैद र जन्मकैदमध्ये ठूलो सजाय भएपछि अरू सानो सजाय हुने खत खापिदैन भन्ने कानूनी व्यवस्था भएबाट सुरूले दावीको ज्यान मार्ने उद्योगसमेतको कसुर प्रतिवादीले गरेको कायम गरी प्रतिवादीलाई ठूलो खत ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी निजको दिमागले सहीरूपबाट काम गर्न नसकेको अवस्थामा खुकुरी प्रहार गरे पनि पूर्व रिसइबि नभएको र मानसिक विचलनको कारणले तत्काल उठेको रिसबाट आफ्नै भान्जा नाताका व्यक्तिलाई मारेको हुँदा निज वर्ष १८ को कलिलो उमेरसमेतको कारण देखाई निजलाई फैसला हुँदा ठहरिएको जन्म कैद गर्दा चर्को पर्ने हुँदा अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैदको सजाय तोक्न भनी लगाएको रायसमेत मिलेको नै देखिने।

इजलास अधिकृतः शा.अ.अम्बिकाप्रसाद दाहाल
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७१ साल चैत २० गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०७१-RC-००९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डबलबहादुर सिंहसमेत*

प्रतिवादीहरूले अदालतमा गरेको बयानलाई समर्थन गरी भएको बकपत्र, जाहेरी दरखास्त, घटनास्थल प्रकृति, बुझिएका व्यक्ति तथा प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी तथा अदालतको बयानसमेतका मिसिल संलग्न सबुद् प्रमाणहरूबाट यी प्रतिवादी रोशनबहादुर सिंह तथा डबलबहादुर सिंहले मृतकसँग रहेको धनमाल लिने खाने नियतले मृतकलाई प्रहार गरी मारी ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम कसुर गरेको देखिने।

प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने र रहजनी चोरीतर्फ थप सजायको मागतर्फको कानूनी व्यवस्थालाई हेर्दा एकै कागजका मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई खत पटक खापी सजाय गर्नुपरेमा कैद हुने कलममा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ

भन्ने व्यवस्था भएबाट मुलुकी ऐन, दण्ड सजायको महलको १० नं. बमोजिम थप सजाय गर्नु नपर्ने ठहर गरी भएको सुरू दार्चुला जिल्ला अदालतको मिति २०७०।२।२७।२ को फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।१२।१७।२ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः अम्बिकाप्रसाद दाहाल
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७१ साल चैत २० गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेमसिंह बुढाथोकीसमेत*

मिसिल संलग्न कागजहरू अध्ययन गरी हेर्दा यी प्रतिवादीहरू प्रेमसिंह बुढाथोकी, गोविन्द सिंह भण्डारी र गजेन्द्रसिंह भण्डारीले मृतक तपके तामाङलाई कर्तव्य गरी मारी रू.१६ सोह्र लाख बाँडी लिए खाएकोमा मौका अनुसन्धान र अदालतमा समेत साबिती भै बयान गरिदिएको देखिनुका साथै जाहेरी दरखास्त एवम् साक्षी बकपत्रलगायतका मिसिल संलग्न अन्य प्रमाण कागजबाट यी प्रतिवादीहरू अभियोग माग दावीअनुरूप कसुरदार रहे भएको प्रष्ट देखियो । यी प्रतिवादीहरूलाई आरोपित कसुर गरेकोमा सर्वस्वसहित जन्मकैद हुने ठहर गर्दै प्रतिवादीमध्येका गजेन्द्रसिंह भण्डारीको उमेर अवस्था सन्दर्भमा मिसिलसाथ संलग्न रहेको राप्ला गा.वि.स. बाट २०६९।१।१५ मा लिएको जन्मदर्ता प्रमाणपत्र र २०६०।१।२ मा लिएको सर्वहित प्रा. वि. दुम्लीङको स्थानान्तरण प्रमाणपत्रसमेतका दुबै प्रमाणपत्र हेर्दा निजको जन्म २०५४।१।५ मा भएको देखिएको, सो प्रमाण कागजको आधारमा निजको उमेर वारदात मितिमा १६ वर्षमुनिको रहे भएको देखिँदा बालबालिका ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम १४ वर्षमाथि र १६ वर्षमुनिको बालकले कुनै अपराध गरे उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुने गरी सुरू दार्चुला जिल्ला अदालतबाट भएको उक्त फैसला मिलेकै देखिने।

वादीको प्रस्तुत पुनरावेदन जिकिर एवम् पुनरावेदन नगर्ने प्रतिवादीहरूको हकमा साधकको रोहबाट न्यायिक निरूपण गर्दा प्रतिवादीहरू गजेन्द्रसिंह भण्डारी, प्रेमसिंह बुढाथोकी र गोविन्द सिंह भण्डारीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादीमध्येका निज गजेन्द्रसिंह भण्डारीको हकमा निजको नाबालक उमेर अवस्था भएको देखिएकाले निज प्रतिवादी गजेन्द्रसिंह भण्डारीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा सजाय हुने ठहर गरी यी प्रतिवादीहरूले अभियोग माग दावीबमोजिम रहजनी चोरी गरेकाले बिगोबमोजिम जरिवानासमेत गरी चोरीको १४(३) नं. बमोजिम बिगो रूपैयाँ प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराई दिने ठहऱ्याई सुरू दार्चुला जिल्ला अदालतबाट मिति २०६९।९।८ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।१०।२८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः शा.अ.अम्बिकाप्रसाद दाहाल
कम्प्युटर: चन्द्रा तिमिल्सेना
इति संवत् २०७१ साल चैत २० गते रोज ६ शुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०३८६, प्रतिषेध/परमादेश, *अधिवक्ता कृष्णप्रसाद डोटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

निवेदकले Sapta Gandaki Multipurpose Project देवघाटमा निर्माण गर्ने गरी अध्ययन गरी कारवाही अगाडि बढाएको र उक्त आयोजना कार्यान्वयन भएमा देवघाट क्षेत्रको धार्मिक, साँस्कृतिक र पुरातात्त्विक महत्त्व नरहने भएकाले उक्त आयोजना कार्यान्वयन नगर्नु भनी प्रतिवेदनको माग गरी प्रस्तुत रिट निवेदन परेको छ। तर रिट निवेदकले प्रस्तुत निवेदनमा सो आयोजनाको अध्ययनसम्म भई

नेपाल सरकार, ऊर्जा मन्त्रालयले निर्देशिका जारी गरेको भन्नेसम्म उल्लेख गरेको छ। उक्त आयोजनाको निर्माणसम्बन्धी कुनै योजना, निर्णय, बजेट विनियोजन र पूर्व तयारीलगायतका आवश्यकीय कार्य पनि प्रारम्भ भएको भन्ने कुनै पनि तथ्य निवेदनमा उल्लेख भएको नदेखिने।

निवेदकले ऊर्जा मन्त्रालयले जारी गरेको जलविद्युत आयोजना अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०६८ मा उल्लिखित आयोजना देवघाट क्षेत्रमा हुने भनी दावी लिएको भए पनि सो निर्देशिका निवेदनसाथ पेस गर्न सकेको छैन। निवेदनसाथ पेस गरेको Sapta Gandaki Multi Purpose Project को दफा १० मा देवघाटक्षेत्र डुबानमा पर्ने भएकाले उक्त आयोजना लागू गर्न सकिँदैन भनी स्पष्ट उल्लेख भएको देखिन्छ। उक्त प्रोजेक्ट देवघाट क्षेत्रमा हुने भन्ने निवेदन जिकिर रहे पनि नेपाल सरकारको तर्फबाट सो सम्बन्धमा कुनै तयारी, आशयपत्र वा निर्णय भएको भन्ने कुरा निवेदनमा देखाउन र खुलाउन सकेको देखिँदैन। निवेदनमा दावी लिएको आयोजना देवघाट क्षेत्रमा नै सञ्चालन हुने भन्ने कुनै ठोस, तथ्ययुक्त र वस्तुनिष्ठ आधार निवेदकले देखाउन नसकेको स्थितिमा तथ्य नै नभई कल्पना र अनुमानका आधारमा दिएको अपरिपक्व निवेदनका आधारमा रिट जारी हुने अवस्था नहुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल मङ्सिर १२ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७१-WO-०५५४, उत्प्रेषण/परमादेश, *लक्ष्मीराज श्रेष्ठ वि. मीरा श्रेष्ठसमेत*

कोर्ट फि ऐन, २०१७ को दफा २३ को खण्ड (ख) ले व्यवस्थित गरेअनुसारको सिफारिससहित निवेदकले कोर्ट फिको सुविधा पाउँ भनी निवेदन नदिएको साथै निजले पुनरावेदन अदालत, पाटनसमक्ष पुनरावेदन दर्ताको लागि दिएको निवेदन कारवाहीयुक्त अवस्थामा रहेको बखत निवेदकले तारिख गुजारी बसेको हुनाले मिति २०६९।१।१७ मा निजको पुनरावेदन दर्ता हुन नसक्ने भनी भएको उपरजिस्ट्रारको आदेशउपर निवेदकले यस अदालतसमक्ष मिति २०७१।१०।४ मा अर्थात् दुई वर्षभन्दा पनि बढी समय व्यतीत गराई प्रस्तुत रिट निवेदन दर्ता गराएको देखिनाले विलम्बको सिद्धान्त (Principle of Laches) को आधारमा समेत प्रस्तुत रिट निवेदन सम्बन्धमा कारवाही गर्नु औचित्यपूर्ण नदेखिँदा रिट निवेदन सम्बन्धमा कारण देखाउ आदेशसमेत जारी गरिरहनुपर्ने नभई प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल माघ १५ गते रोज २ शुभम्।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-RE-००८०, ज्यान मार्ने उद्योग, *छिरिङ लामा वि. नेपाल सरकार*

यसमा घाइते मीनकृष्ण महर्जनले समेत निवेदक प्रतिवादीको वारदातमा संलग्नता रहेको भनी स्पष्टरूपमा उल्लेख गरिरहेको देखिएकाले सोसमेतको आधारमा पुर्पक्ष निमित्त थुनामा राख्ने गरेको सुरू ललितपुर जिल्ला अदालतको आदेशमा परिवर्तन गर्नु नपर्ने ठहऱ्याई गरेको पुनरावेदन अदालतको मिति २०७१।०२।२२।५ को आदेश परिवर्तन गर्नुपर्ने कारण विद्यमान नदेखिने।

इति संवत् २०७२ साल जेठ ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-AP-०३३१, डाँका, *हरिबहादुर लामा वि. नेपाल सरकार*

यसमा निवेदकलाई सुरू जिल्ला अदालतबाट रू. २०,०००।– धरौट लिई तारिखमा राख्ने आदेश भएकोमा निजले जिल्ला अदालतबाट सफाइ पाएको र पुनरावेदन अदालतबाट सजाय भएकोमा सोउपर पुनरावेदन नगर्दै फैसला कार्यान्वयनको क्रममा पक्राउ

परेको र कारागारबाटै पुनरावेदन गरी विचाराधीन रहेको देखिँदा फैसला कार्यान्वयनको क्रममा पक्राउ परेको कारणले मुलुकी ऐन, अ.बं. १९४ नं. को सुविधा प्रदान गर्न नमिल्ने गरी मिति २०७१।१२।२६ मा यस अदालतका सहरजिस्ट्रारबाट भएको दरपीठको आदेश मिलेको नदेखिँदा बदर हुने ।

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-AP-०३५३, उत्प्रेषण, *रामशङ्कर खड्का वि. शालीग्राम पराजुली*

यसमा निवेदक रामशङ्कर खड्का विपक्षी शालीग्राम पराजुली भई दर्ता गर्न ल्याएको उत्प्रेषण रिट निवेदन यस अदालतका रजिस्ट्रारबाट दर्ता गर्न नमिल्ने भनी मिति २०७२।१।६ मा भएको दरपीठ आदेश बदर गरिदिएको छ । दरपीठ भएको रिट निवेदन दर्ता गरी ०७१-WO-०३५१ को रिट निवेदनसँग साथै राखी कानूनबमोजिम गर्नू ।

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-RE-०१९६, मानव अपहरण तथा शरीर बन्धक, *सञ्जयकुमार साह वि. नेपाल सरकार*

यसमा रूपेशकुमार हराएको भन्नेमा विवाद देखिँदैन तर निज अपहरणमा परेको अपहरण गरिएको गराइएको प्रत्यक्ष प्रमाणको अभाव देखिन्छ । शरीर बन्धक मुद्दामा देखिएको परिस्थितिजन्य प्रमाणलाई विवेचना गर्दा निज कहीँ न कहीँ कतै न कतै कुनै निश्चित वारदातस्थलमा अपहरणको घटना घटेको देखिन जरूरी हुन्छ । रूपेशकुमार हराएको भन्नेमा सम्म विवाद नभए पनि यिनै प्रतिवादी स्वयम्ले खोजतलास गरिपाउन दिएको निवेदनसमेतलाई हेर्दा निज रूपेश अपहरणमा परेको यिनै प्रतिवादीले नै सो कार्य गरेको भन्ने प्रत्यक्ष प्रमाणको अभाव देखिँदा र मुद्दाको उठान, प्रमाणको सङ्कलन र परिस्थितिसमेतका प्रति विचार गर्दा अ.बं. ११८ को देहाय ४ समेतको विद्यमानता देखिएकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी यी प्रतिवादी सञ्जयकुमार साहबाट नगद रू. २,००,०००।– (दुई लाख) धरौट वा जेथा जमानत लिई मुद्दामा पुर्पक्ष गराउनुपर्ने देखिएकाले थुनामा राख्ने गरेको सुनसरी जिल्ला अदालतको मिति २०७१।९।८ मा भएको आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।११।१४ को आदेश बदर हुने ।

इति संवत् २०७२ साल जेठ १३ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७१-AP-०३२७, जबर्जस्ती करणी, *रोशन भन्ने राजिन श्रेष्ठ वि. नेपाल सरकार*

यसमा निवेदक प्रतिवादीलाई सुरू अदालतबाट पुर्पक्ष निमित्त थुनामा राखी कारवाही गरेको देखिएको र जबर्जस्ती करणीको कसुरदार ठहरी सजाय पाएको अवस्था देखिएकाले मुलुकी ऐन, अ.बं. १९४ नं. बमोजिमको सुविधा प्रदान गर्न नमिल्ने भनी यस अदालतका सहरजिस्ट्रारले गरेको आदेश मिलेकै देखिँदा परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने ।

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७१-WO-०८४४, परमादेश, *अधिवक्ता तुलसी सिंखडा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले गत वैशाख १२ गते गएको महाभूकम्पले पुर्‍याएको व्यापक धनजनको क्षतिको उद्धार, राहत र व्यवस्थपन आवश्यकतानुसार र कानूनको व्यवस्थाबमोजिम प्रभावकारी ढङ्गले भएको नदेखिएकाले उचित उपचारको अविलम्ब व्यवस्था गर्नुपर्ने भनी माग गरेको देखिएको, भूकम्प जस्तो दैवी प्रकोपको व्यवस्थापनका लागि विभिन्न जरूरी व्यवस्था गर्नुपर्नेमा दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को व्यवस्था नै उचित र पर्याप्त व्यवस्था नभै अधुरो भएको र भइरहेको कानूनी व्यवस्था र संरचना पनि उपयुक्त ढङ्गले कार्यान्वयन नभएको भई अत्यन्तै जरूरी

उपचारको व्यवस्था आवश्यक भएको भन्नेसमेतको जिकिर लिएको देखियो।

भूकम्पले पुर्‍याएको धनजनको क्षतिको अविलम्ब र असाधारणरूपले प्रभावकारी न्यायोचित र पर्याप्त सम्बोधन गर्न जे जो चाहिने व्यवस्था गर्नुपर्ने र उद्धार, राहत र व्यवस्थापनको लागि तत्काल समन्वयात्मक ढङ्गले सञ्चालन नभएमा थप क्षति र असुविधा बढ्न गई अमानवीय अवस्था सिर्जना हुने अवस्था देखिन्छ । उद्धार, राहत, क्षतिपूर्ति र पुन: निर्माणको प्रश्न कसैको कृपा, निगाह र ऐच्छिक विषय नभै प्रभावित व्यक्तिहरू तथा परिवार वा समुदायका जनताको आधारभूत जीवनसङ्गत् कानूनी हकको पनि प्रश्न भई यस्तो प्रश्नमा विचार गर्न किन्चित पनि विलम्ब गर्नु वा उपेक्षा गर्नु सङ्कटको व्यवस्थापनमा कानूनी राज्यको सिद्धान्तको सान्दर्भिकता नै इन्कार गर्नुजस्तो हुने हुनाले रिट निवेदकले उठाएको प्रश्नको अतिरिक्त भइरहेको उद्धार, राहत र व्यवस्थापनका संरचनाको अध्यावधिक अवस्थासहित ७ (सात) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् अनिवार्यरूपमा लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाउँमा म्याद सूचना पठाई मिति २०७२।२।१४ गते प्रस्तुत मुद्दा पूर्ण सुनुवाइका लागि पेस गर्नू।

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम्।

## अन्तरिम आदेश

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७१-WO-०८५७, उत्प्रेषण, *अधिवक्ता मातृकाप्रसाद निरौला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकले रिट निवेदनको प्रकरण नं. ३ मा उल्लेख गरेबमोजिम भूकम्प र यसका परकम्पनहरूले पुर्‍याएको क्षतिको परिणामस्वरूप जनसाधारण हिँडडुल गर्ने वा निजहरू बसेको ठाउँ नजिक लड्न लागेका, धराप बनेर बसेका घर, भवनलगायतका संरचनाबाट सिर्जना हुने वा हुनसक्ने जोखिम, अवरोध र असुरक्षा हटाउनेतर्फ पूर्वसावधानीको उपायको रूपमा जे जो गर्नुपर्ने गरी तुरून्त व्यवस्था गर्नु गराउनु भनी विपक्षी नेपाल सरकारका नाउँमा अन्तरिम आदेशसमेत जारी हुने।

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति